महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७८

बहुदरमाई नगरपालिका
पर्सा

महालेखापरीक्षकको कार्यालय
काठमाण्डौ, नेपाल

Serving the Nation and the People

(Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

(Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र सख्या : २०७८।७९

च.नं.: ८६

मितिः२०७८।५।४

श्री प्रमुखज्यू

बहुदरमाई नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

बहुअरी पिडरी, पर्सा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन , नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता , प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन , खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता , दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको , आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको , पर्याप्त आधार बेगर राजस्व छुट दिएको , बक्यौता असुलीमा प्रभावकारिता नआएको , बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको , वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको , तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको , स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको , सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको , बैंक हिसाब विवरण तयार गर्ने नगरेको , लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन , भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

नेपाल
२०१६

पत्र संख्याः २०७८।७९

च.नं. : ३३ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
बहुदरमाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बहुअरी पिडरी, पर्सा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बहुदरमाई नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहीतको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना ३४ (चौतिस) यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु १४ करोड ७७ लाख ८७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३८ लाख २ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७ करोड ६४ लाख १२ हजार नियमित गर्नुपर्ने रु. ५ करोड ४१ लाख २७ हजार र पेश्की बाँकी रु. १ करोड ३४ लाख ४६ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहीतको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउनसक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक

बहुदरमाई नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु बहुदरमाई नगरपालिकाको प्रमुख उद्देश्य रहेको छ । प्रदेश न.२ मा अवस्थित साविकका ७ गाविस समाहित गरी बनेको यो नगरपालिकामा ९ वडा, ४९ सभा सदस्य, ३१.५५ व.कि.मि. क्षेत्रफल, ३९६७३ जनसंख्या रहेको छ ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेका आय,अनुदान तथा सहायता र स्थानीय सरकार संचालन भएका आय व्यय हिसावको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

संचित कोषको आय व्यय विवरण

सि.न.	आय तर्फ			सि.न.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गतवर्षको मौज्दात**		१३१७१४६९१.२०	१	**चालु खर्च**		१९४४३४०८५.६३
	संचित खाता	११३४९४८४३.४६			नगरपालिका चालु	७००९१६०५.६३	
	आन्तरिक आय खाता	१४७१२७२२.०१			संघीय सशर्त चालु	१२०४६४९९७.००	
	धरौटी खाता	३५०७१२५.७३			समपुरक कोष	३८७७४८३.००	
२	राजस्व प्राप्ति		५९५१८८४७.३५	२	**पुँजीगत खर्च**		२०२७६८९७०.००
	आन्तरिक आय प्राप्त	४०२२९०३.३९			नगरपालिका पुँजीगत	१५९४९७३२४.००	
	आम्दानी श्री.जन.स्वा. कार्यालय	५५९०८६.००			संघीय सशर्त पुँजीगत	२९५६७००३.००	
	राजस्व बाँडफाँड संघ	५४९३६८५७.९६			प्रदेश सरकार विशेष अनुदान	२९१००००.००	
३	**अन्तर सरकारी अख्तियारी**		७६५९०८०६.००		प्रदेश सरकार हस्तान्तरित कार्यक्रम सशर्त	७९४१५०५.००	
	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	८५०४१८.००			सडक बोर्ड	२८५३१३८.००	
	प्रदेश सरकार राहत वितरण कार्यक्रम	१४९९९८८.००		४	विविध खर्च		५५९०८६.००
	सामाजिक सुरक्षा तथा संरक्षण	७३५३१४००.००		५	स्थानीय तह प्रकोप ब्यवस्थापन कोष		१०६७०७२७.००
	बहुक्षेत्रीय पोषण कार्यक्रम	७०९०००.००		६	**अन्तर सरकारी अख्तियारी**		७६५९०८०६.००
४	**वित्तीय हस्तान्तरण संघीय सरकार**		२७७३२००००.००		राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	८५०४१८.००	
	वित्तीय समानीकरण अनुदान	१२७०००००.००			सामाजिक सुरक्षा तथा संरक्षण	७३५३१४००.००	
	सशर्त अनुदान	१५००३२०००.००			बहुक्षेत्रीय पोषण कार्यक्रम	७०९०००.००	
५	**प्रदेश सरकारबाट प्राप्त**		२५७४७१८३.००		प्रदेश सरकार राहत	१४९९९८८.००	

	अनुदान				वितरण कार्यक्रम		
	वित्तीय समानीकरण अनुदान	७३७७०००.००		७	धरौटी फिर्ता		१००२१७८.००
	सशर्त अनुदान	१०००००००.००		८	बेटी पढाउ बेटी बचाउ कार्यक्रम		५००००.००
	समपुरक कोष	४००००००.००		९	**बाकी बैंकमौज्दात**		१०४५३७२०४.९२
	विशेष अनुदान	३००००००.००			धरौटी बैंक मौज्दात	४२६३०९०.७२	
	प्रदेश राजश्व बाँडफाँड	१३७०१८३.००			संचित कोष खाता	३१०१५३१७.४१	
६	सशर्त अनुदान बेटी बचाउ बेटी पढाउ		५००००.००		चालु खर्च खाता	९०२७८४.३९	
७	स्था. प्रकोप व्यवस्थापन खाता		१४०६४२२४.००		पुंजीगत खर्च खाता	४५९६३२५४.००	
८	सडक बोर्ड नेपाल		३१७३५२६.००		स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	३६५७१३४.००	
९	प्रकोप व्य.कोष खाता कर कट्टि दायित्व		२६३६३७.००		आन्तरिक आय खाता	१८७३५६२५.४०	
१०	धरौटी आम्दानी		१७५८१४३.००		विभाज्य कोष खाता	०.००	
					राजस्व बाँडफाँड खाता	०.००	
					विविध खर्च खाता	०.००	
	जम्मा		**५९०६१३०५७.५५**		**जम्मा**		**५९०६१३०५७.५५**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	लेखापरीक्षणको क्रममा असुली : लेखापरीक्षणको क्रममा वडा न.६ को दाखिला गर्न छुट आन्तरिक आय रु. ७१००।०० असुल भई दाखिला भएको छ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुप र्ने व्यवस्था छ । सोही ऐनको दफा ६९ मा तो किए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले बैंक समायोजन हिसाब राखेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेप्सास बेस्ड (NPSAS based) ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन । • नगरपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्ययन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन। • नगरपालिकाका वडामा रहेका सवै सदस्यबाट निर्माण लगायत कार्यको सिफारिस र समन्वय गरेको सुनिश्चित नभएको । • कायदिश, संझौता लगायतका कागजात प्रमाणित गर्नुपर्ने, • शाखा एवं फाँटहरु विच प्रभावकारी समन्वय, सहकार्य तथा स्टाफ मिटिङ गर्नुपर्ने, • कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • साविकमा रहेका विषयगत कार्यालयहरुको जिम्मामा रहेका सामानहरु हाल नगरपालिकाका शाखामा एकीकृत नगरेको, पशु सेवा शाखा लगायतका शाखामा साविकमा खरिद गरेका सामानहरुको एकीकृत अभिलेख राख्नुपर्ने, • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • कार्य संचालन पछि प्रतिवेदन लिने व्यवस्था मिलाउनुपर्ने,	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	• विद्यालयहरुको आन्तरिक आय, जिन्सी अनुगमन र मूल्यांकनमा जोड दिनुपर्दछ । • सहायक जिन्सी रजिष्टर नराखेको, तथा रसिद नियन्त्रण खाता नराखेको । • साइकल, स्प्रे टैंकी, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम तथा खर्च नियन्त्रण गर्नुपर्ने, • जिन्सी निरीक्षण नगरेको, साविक ७ गाविसमा रहेका सम्पतिको एकीकरण नगरेको, • सहकारी संस्थाको तथ्यांक अद्यावधिक नगरेको, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक , वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहीतको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो। • नगरपालिकाले कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • नगरपालिकाले प्राप्त गरेका सामान र सेवाको गुणस्तर परीक्षण नगरेको, नगराएको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यो वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता तथा नवीकरण गरेको पाइएन । • पालिकाले आयोजना /कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको त फबाट नगद लागत	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहीतका लागत अनुमान तयार गरेको देखिएन । • संचालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहीतको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको, • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन । • ई-हाजिरी उपयोग नगरेको, • उपभोक्ता समितिसँगको संझौता लगायतमा विवरणहरु पूर्णरुपमा नभरेको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्व सनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	योजना तर्जुमा, बजेट तथा कार्यक्रम	
३.	**बजेट पेश, पारित र अख्तियारी** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको उप प्रमुख श्री गायत्री देवीले २०७६।५।७ गते रु. ५८ करोड ७८ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।५।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।५।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
४.	**आन्तरिक लेखापरीक्षण** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन नगरेको तथा आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
५.	**चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति देहाय बमोजिम छ । पालिकाले कूल खर्च मध्ये प्रथम चौमासिकमा ६.३५ प्रतिशत, दोस्रो चौमासिकमा २३.६५ प्रतिशत र तेस्रो चौमासिकमा ७० प्रतिशत खर्च गरेको छ ।आषाढ महिनामा मात्र कूल खर्चको ६२.३५ प्रतिशत खर्च भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि. नं.	पुँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम	दोस्रो	तेस्रो	
१.	नगरपालिका पुँजीगत	१५९४९७३२४.००	१०५४५५८८.००	४२४६०४५०.००	१०६४९१२८६.००	९२६११६३७.००
२.	संघीय सशर्त	२२१३७७४६.००	९८९३३२.००	५१३४३१.००	२०६३४९८३.००	२०६३४९८३.००
३.	प्रदेश पुँजीगत	१३००००००.००	०.००	०.००	१३००००००.००	१३००००००.००
जम्मा		१८१६४८०७०.००	११५३४९२०.००	४२९७३८८१.००	१२७१३९२६९.००	११३२५९६२०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
६.	**बैंक मौज्दात :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८५ मा प्रत्येक कार्यालयले महिना भुक्तान गरेको ७ दिन भित्र खर्चको फाँटवारी, फस्योंट हुन बाँकी पेश्कीको मास्केवारी र बैंक हिसावको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक निकायमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले बैंक हिसाव विवरण तयार नगरेको कारणले बजेट खर्च यथार्थपरक देखिएन । बैंकको स्टेटमेण्ट अनुसार यो वर्ष रु १२५७४४६३४।३९ मौज्दात देखाएकोमा श्रेस्ता अनुसार रु १०४५३७२०४।९२ देखिएको छ । श्रेस्तामा भन्दा बैंकमा रु.२१२०७४२९।८७ बढी मौज्दात देखिएको छ। यसरी श्रेस्ता र बैंक मौज्दातमा देखिएको फरक सम्बन्धमा श्रेस्ता र बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्ने रु..	२१२०७४२९.८७

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेन्ट अनुसार बाँकी	फरक
१	धरौटी बैंक मौज्दात	४२६३०९०.००	४२६३०९०.००	०.००
२	संचित कोष	३१०१५३१७.१३	४३७४७६७८.००	१२७३२३६०.८७
३	चालु खर्च खाता	९०२७८४.३९	९०२७८४.३९	०.००
४	पुँजीगत खर्च खाता	४५९६३२५४.००	४५९६३२५४.००	०.००
५	स्थानीय तथा प्रकोप व्यवस्थापन खाता	३६५७१३४.००	३६५७१३४.००	०.००
६	आन्तरिक राजस्व खाता	१८७३५६२५.४०	१८७३५६२५.००	०.००
७.	विविध खर्च	०.००	८४७५०६९.००	८४७५०६९.००
जम्मा		१०४५३७२०४.९२	१२५७४४६३४.३९	२१२०७४२९.८७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
७.	**कन्टिजेन्सी खर्च :** कन्टिन्जेन्सी खर्चको अभिलेख ब्यवस्थित गर्नुपर्ने व्यवस्था सडक विभागको परिपत्र समेतमा उल्लेख छ । नगरपालिकाले आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टि गरी भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७६।७७ मा कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट आम्दानी तथा खर्च रकम यकिन तथा भिडान गर्न सकिएन । कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	
८.	**साल तमाममा बाँकी रकम फिर्ता दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने खाता तोकिदिने र सो बाहेकका फ्रिज हुने खाताहरुको रकम साल तमाम हुनुभन्दा कम्तीमा ७ दिन अगावै खाता बन्द गरी खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:	
८.१.	कार्यालयले संघीय सशर्त अनुदान तर्फ खर्च नभई बाँकी रहेको रु.१२१४३९२४।०० र प्रदेश अनुदान तर्फ बाँकी रहेको रु.२१४८४९५।०० बैंक नगदी कितावमा २०७७/३/३१ मा खर्च लेखेको छ । तर उक्त रकम बैंकमा सयममै चेक नसाटेको कारण मिति २०७७।५।२३ गते पुनः चेक जारी गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता दाखिला गरेको छ । समयमै अनुदान फिर्ता दाखिला गर्ने व्यवस्थालाई कडाइकासाथ पालना गर्नुपर्दछ ।	
९.	**जिन्सी :** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेसन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले कतिपय खप्ने तथा नखप्ने सामानको समयमै दाखिला नगरेको र दाखिला गर्दा स्पेसिफिकेसन र मूल्य नखुलाई दाखिला गरेको छ । सहायक जिन्सी खातामा समानको दाखिला गर्दा मूल्य र स्पेसिफिकेसन प्रष्ट रुपमा खुलाई राख्नुपर्नेमा सामान बुझाउँदा सहायक जिन्सीमा स्पेसिफिकेसन खुलाएको छ । यसरी स्पेसिफिकेसन नखुलाई सामान बुझाउँदा सामानको हिनामिना हुनसक्ने हुनाले कार्यालयले जिन्सी खाता अद्यावधिक गरी राख्नुपर्दछ ।	
१०.	**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो बर्ष थप भएको १७ गरी कूल २७ विवाद दर्ता भएकोमा ५ फस्यौट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौट वा कारबाही किनारा गरी समयमै टुङ्गो लगाउनुपर्दछ ।	
११.	**सवारी साधन खरिद :** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दीर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिनसपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष सवारी साधन खरिदमा रु.४४५९९००।०० खर्च गरेको छ । नेपाल सरकारलाई दीर्घकालीनरुपमा सवारी चालक, इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमति नलिई खरिद गर्ने कार्य नियमसंगत भएन । स्वीकृति/सहमती लिएपछिमात्र सवारी साधन खरिद गर्नुपर्दछ । नगरप्रमुखलाई गाडी हुँदाहुँदै मोटरसाईकल खरिद/उपलब्ध गराएको नियमित नदेखिएको रु..	४७४९००.००

क्र.स.	सवारीको किसिम	खर्च रकम	कैफियत
१	डस्टर कार	३९८५०००.००	प्रमुख प्रशासकीय अधिकृत
२	मोटर साइकल	४७४९००.००	नगर प्रमुख
जम्मा		४४५९९००.००	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
११.१.	सरकारी निकायले सवारी साधन खरिद गरेपछि गाडीमा अनिवार्य रुपमा सरकारी नम्वर प्लेट राख्नुपर्दछ । कार्यालयले न्यू नारायणी मोटर्सबाट रु ३९८५०००।०० को डस्टर कार खरिद गरी प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने गरेको पाइयो । खरिद गरेको कार कार्यालयको नाममा २०७६/९/२५ मा नामसारी गराएको भए पनि निजी रातो प्लेट नम्बर राखी हालसम्म (२०७८ बैशाख) चलाईरहेको छ । सरकारी गाडीलाई निजी नम्वर प्लेट राखी चलाउँदा सरकारी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	सम्पतिको दूरुपयोग हुनसक्ने भएकोले कार्यालयले उक्त गाडीमा सरकारी नम्वर प्लेट राख्नुपर्दछ ।	
११.२.	खरिद गरेको कार स्पेसिफिकेसन अनुसार भए नभएको सम्बन्धममा जाँच गराएको छैन। स्पेसिफिकेसन अनुसार भए नभएको गुणस्तर परीक्षण गर्नुपर्दछ ।	
१२.	**सीमा भन्दा वढीको काम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १क मा रु. १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउनसक्ने व्यवस्था छ । नगरपालिकाले विश्रामपुर-पद्मपुर रोडको सडक ढलान तथा नाला निर्माण कार्यलाई देहाय अनुसार टुक्रा पारी गराएको छ । सीमा भन्दा वढीको काम लाभग्राहीबाट गराएको नियमित नदेखिएको रु.....	५१५६८२७.००

गोभौ मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	खर्च रु.
५४।०७६।१०।२३	विश्रामपुर पद्मपुर रोडदेखि सडक ढलान गर्ने काम वडा नं. १, ९ को तेस्रो रनिङ विल	९७९४३९३.०१	८५००००.००
४१।०७६।९।१८	वडा नं. १, पद्मरोडदेखि विश्रामपुरसम्म कल्भर्ट तथा सडक निर्माण गर्ने कामको पहिलो रनिङ विल	४५०२४२६.०८	१९६३२३६.००
२४।०७६।८।१२	विश्रामपुरदेखि पद्म रोडसम्म सडक ढलान उपभेक्ता समिति वडा नं. १, ७ र ९	७१२३२२७.०१	२३४३५९१.००
	जम्मा	२१४२००४६.१०	५१५६८२७.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
१२.१.	माथि उल्लेख भए अनुसार तेस्रो रनिङ बिलबाट खर्च लेख्दा एम २० कंक्रिटको काममा फर्मवर्कको लागि ५७५ मिटर लम्बाईको सडकमा फर्मवर्कको कामको ११५० मिटर लम्बाई तथा उचाई ०.१५ मिटर उचाई ढलान कार्यको लागि १७२.५ वर्गमिटर हुने देखिन्छ । नगरपालिकाले २५८.७५ वर्गमिटर रु.५९२।६१ का दरले (एक्सपान्सन ज्वाइन्ट ८६.४ वर्गमिटर सहीत ३४५.१५ बर्गमिटर) रु. २०४५४०।०० खर्च लेखेको छ । फर्मवर्कका कामका लागि वढी क्षेत्रफल राखेको ८६.२५ बर्गमिटरको रु ५९२।६१ का दरले हुने रु. ५१११३।०० असुल गर्नुपर्ने रु....	५१११३.००
१२.२.	माथि उल्लेख भए बमोजिम पहिलो रनिङ बिलबाट प्रोभाइडिङ एण्ड लेइङ एम २० सिमेण्ट कंक्रिट ग्रेडको ११२.५ घनमिटरको काममा मूअकर रु. ९००९०।०० समावेश गरिएको छ । उपभोक्ता समितिले विलमा रु ८६५६०।०० मूअकर समावेश गरेको छ । नगरपालिकाले पेश भएको मूअकर विजकमा भन्दा रु. ३५१०।०० वढीको मूल्यांकन गरी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु....	३५१०.००
१३.	**वढी मूअकर :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भरपाइका आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका योजनामा प्राविधिकको मूल्यांकनका आधारमा मेटेरियलमा उपभोक्ता समितिलाई मूअकर रकम उपलव्ध गराएको पाइयो ।गोश्वरा भौचरसाथ संलग्न मूअकर विजकमा प्राविधिक मूल्यांकन भन्दा रु.१५३८४९।०० घटी मूअकर समावेश भएको छ । घटी विजक पेश भई वढी भुक्तानी भएको मूअकर असुल गर्नुपर्ने रु...	१५३८४९.००

गोभौ मिति	उपभोक्ता समितिको नाम	मूअकर रु.		
		प्राविधिक मूल्यांकन	विजक	वढी
६।०७६।७।५	व्रिजा साहको घरदेखि पक्की नाला निर्माण वडा नं. ४	४४००५.००	४००००.००	४००५.००
१०।०७६।७।१९	व्रह्म प्रावि भवन निर्माण उ. समिति (सिमेण्ट र डण्डी)	६०९५०.००	५०८३०.००	१०१२०.००

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td colspan="2">
<table>
<tr><td>१३।०७६।७।२५</td><td>विश्रामपुर पद्म रोडसडक ढलान उपभोक्ता समिति (सिमेण्ट)</td><td>२४७६६६.००</td><td>१९४९०९.००</td><td>५२७५७.००</td></tr>
<tr><td>१३।०७६।७।२५</td><td>विश्रामपुर पद्म रोडसडक ढलान उपभोक्ता समिति (डण्डी)</td><td>१५२२५३.००</td><td>८३६८६.००</td><td>६८५६७.००</td></tr>
<tr><td>५३।०७६।१०।२३</td><td>पर्खाल निर्माण उपभोक्ता समिति वडा नं. २</td><td>२१८६०.००</td><td>११९६०.००</td><td>९९००.००</td></tr>
<tr><td>५२।०७६।१०।२३</td><td>नाला निर्माण उपभोक्ता समिति वडा नं. २</td><td>४८५००.००</td><td>४००००.००</td><td>८५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१५३८४९.००</td></tr>
</table>
</td></tr>
<tr><td>१४.</td><td>कार्यसम्पन्न : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाको २०७६।१०।२९ को निर्णयले वडा नं. ७ मा खानेपानी तथा धारा जडानका लागि रु. ५०००००।०० को वजेट उपलव्ध गराएको छ । उक्त रकम तोकिएको कार्यमा खर्च गरेको देखिने कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु...</td><td>५०००००.००</td></tr>
<tr><td>१५.</td><td>मोवाइल खरिद (२०३।०७७।३।२७) : सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ ले व्यक्तिगत प्रकृतिका सामान खरिद गर्न नहुने व्यहोरा उल्लेख छ । नगरपालिकाले वडा नं. १ का पदाधिकारी तथा कर्मचारीका लागि मोवाइल खरिद गर्न रु. १०००००।०० को वजेट व्यवस्था गरी नेपाल टाइम सेन्टरबाट ५ प्रकारका ७ थान मोवाइल रु. ९९७९०।०० खरिद गरेको छ । वडाध्यक्ष सहीत ५ पदाधिकारी र १ कार्यालय सहयोगीलाई मोवाइल वितरण गरेको छ । एक थान मोवाइल वितरण गरेको नदेखिएको तथा व्यक्तिगत प्रकृतिका सामान खरिद गरेको नियमित नदेखिएको रु...</td><td>९९७९०.००</td></tr>
<tr><td>१५.१.</td><td>नगरपालिकाले चालु खर्च शीर्षकबाट नगरप्रमुखको लागि १ थान स्यामसुङ्ग मोवाइल रु.१०५०९०।०० मा खरिद गरेको छ । व्यक्तिगत प्रकृतिका सामान खरिद गरेको नियमित नदेखिएको रु...</td><td>१०५०९०.००</td></tr>
<tr><td>१६.</td><td>पेश्की जमानत, कार्य स्वीकार प्रतिवेदन : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा १२५ अनुसार पेश्की जमानत र कार्य स्वीकार प्रतिवेदन तयार गरी ठेक्का फाइल व्यवस्थित गर्नुपर्ने उल्लेख छ । कार्यालयले नगरदाहादेखि पर्सागढी नगरपालिकासम्मको सडक तथा नाला निर्माण (ठेक्का नं. १२।०७५।७६) कार्यको लागि आश्रय अंकित जेभीसँग मिति २०७७।२।१३ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।२।१४ मा मूअकर सहित रु. ३४७५४१९२।२६ मा संझौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन ।</td><td></td></tr>
<tr><td>१६.१.</td><td>५-०७६।७।५ : एनसीसी वैंक बागबजार, काठमाण्डौंमा राखेको पेश्की जमानत रु. ३००००००।०० को म्याद २०७६ पौषमा समाप्त भैसकेको छ । पहिलो रनिङ विलबाट रु. १३३०७१३।०० पेश्की कट्टि गरेको छ । नियमानुसार पेश्की जमानत लिई बाँकी पेश्की रु. १६६९२८७।०० असुल फस्यौंट गर्नुपर्दछ । रु.</td><td>१६६९२८७.००</td></tr>
<tr><td>१६.२.</td><td>६१-०७६।११।१ : नगरपालिकाले जेभीलाई पहिलो विलबाट रु. ७५१८५३०।०० भुक्तानी गरेको छ ।ठेक्का म्याद समाप्त भइसक्दा पनि कार्य सम्पन्न भएको देखिएन । तोकिएका कार्य सम्पन्न गरेको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने रु....</td><td>७५१८५३०.००</td></tr>
<tr><td>१६.३.</td><td>नगरपालिकाले ठेक्का फाइल व्यवस्थित गरेको पाइएन । ठेक्का फाइल अद्यावधिक गरी व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>ग्यारेज निर्माण (२०३-०७७।३।२७) : सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ ले सरकारी खर्चमा मितव्ययिता र कार्यदक्षता कायम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कार्यालय भवनको रुपमा प्रयोग गरेको बहुदरमाई नगरपालिका वडा</td><td>४६००४८.००</td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	नं. ४ बहुबरी पिडरी स्थित भाडाको घरमा ग्यारेज निर्माणका लागि रु. ५०००००।०० को वजेट व्यवस्था गरी रु. ४६००४८।०० खर्च गरेको छ । सरकारी खर्चले व्यक्तिगत जग्गामा संरचना निर्माण गरेको नियमित नदेखिएकोले उक्त खर्चलाई घरभाडामा मिलान गरी नियमित गर्नुपर्ने रु...	
१७.१.	**भाडाको घर मर्मत :** (१३९-०७७/३/४) नगरपालिकाको प्रशासनिक कार्य संचालनका लागि भाडामा लिएको रहेको घरमा कम्पाउण्डस् र गेट निर्माण गरी विवेक एण्ड विशाल निर्माण सेवालाई रु.३३३६८९।०० भुक्तानी गरेको छ । भाडाको घरमा गरेको उक्त निर्माण कार्यको खर्च भाडामा मिलान गरी नियमित गर्नुपर्ने रु...	३३३६८९.००
१८.	**दाखिला, भरपाई, सक्कल विजक :** (२८-०७६।८।२६) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च पुष्ट्याई गर्ने कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले जयमा सप्लायर्सलाई जिन्सी दाखिला, वितरण भरपाई र सक्कल विल बेगर साडी खरिद गरेको फोटोकपि विलबाट रु. ४५१५७५।०० खर्च लेखेकोले उल्लिखित प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु...	४५१५७५.००
१९.	**अमानतबाट निर्माण :** सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९८ मा एक तहमाथिको अधिकृतबाट स्वीकृत गराएर मात्र अमानतबाट काम गराउन सकिने तथा एक व्यक्तिबाट वर्षमा रु. १ लाखसम्मको काम गराउन सकिने व्यवस्था छ । नगरपालिकाले देहायअनुसारका काम अमानतबाट गराई रु. ७१५१९९।०० खर्च लेखेको पाइयो । नगरपालिकाले एउटै व्यक्तिलाई २ पटकसम्म (बिसुनलेव यादव र पिन्टु प्रसाद) काम गराई खर्च लेखेको छ । उपभोक्ताको अंश नजुट्ने र प्रतिस्पर्धा सीमित हुने यस्तो खर्च नियमित गर्नुपर्ने रु...	७१५१९९.००

गोभौ मिति	काम गराउनेको नाम	कामको विवरण	वडा नं.	खर्च रु.
१९६।०७७।३।२५	श्री जगरनाथ तिवारी	बाटो मर्मत	६	९६६५४.००
१९४।०७७।३।२५	श्री बिसुनदेव यादव	बाटो मर्मत	५	८९४६०.००
१९३।०७७।३।२५	श्री बिसुनदेव यादव	बाटो मर्मत	५	८९४६०.००
१९२।०७७।३।२५	श्री सिकन्दर प्रसाद यादव	बाटो मर्मत	३	८२९९५.००
१९१।०७७।३।२५	श्री केदार जी	बाटो मर्मत	९	१०००००.००
१८०।०७७।३।२१	श्री पिन्टु प्रसाद	नाला सरसफाई		९६४२६.००
१७९।०७७।३।२१	श्री पिन्टु प्रसाद	नाला सरसफाई		९९३९९.००
१११।०७७।२।२५	श्री श्रीलाल साह कानु, घरधनी	घर मर्मत		६०८०५.००
	जम्मा			७१५१९९.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२०.	**संघीय वजेट भएका कार्यालयमा खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा तोकिएको कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ । संघीय वजेट प्राप्त गर्ने कार्यालय तथा इकाइलाई नगरपालिकाले खर्च गर्न मिल्ने व्यवस्था देखिंदैन । पालिकाले देहाय अनुसार संघीय/प्रदेश सरकार मातहतका कार्यालयलाई मर्मत तथा इन्धन समेत उपलव्ध गराएको पाइयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । रु...	६४१०००.००

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>कार्यालयको नाम</th><th>खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>इलाका प्रहरी कार्यालय, पोखरिया</td><td>१४५०००.००</td><td></td></tr>
<tr><td>२.</td><td>प्रहरी चौकी वहुअरी</td><td>१०४०००.००</td><td>वडा ४</td></tr>
<tr><td>३.</td><td>प्रहरी चौकी महुवन</td><td>११२०००.००</td><td>सखुवा प्रसौनी</td></tr>
<tr><td>४.</td><td>सशस्त्र प्रहरी बल (विओपी) वहुअर्वाभिट्ठा</td><td>८००००.००</td><td></td></tr>
<tr><td>५.</td><td>जिल्ला प्रहरी कार्यालय, पर्सालाई एसी खरिद</td><td>२०००००.००</td><td>विल भरपाई, जिन्सी दाखिला नगरेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६४१०००.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष :</td><td></td></tr>
<tr><td>२१.</td><td>समिति गठन : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि २ पटक बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>कार्य योजना : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम) ८ मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन , तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहीतको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>वार्षिक प्रतिवेदन : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहीतको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>अनुदानको अनुगमन : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्ने व्यवस्था तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा खर्च लेखेका छन । पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन हुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कर दस्तुर एवं आन्तरिक आय :</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२५.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ ले सरकारी बाँकी आय असुल गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले देहायअनुसार प्राप्त गर्नपर्ने आन्तरिक आय असुल गरी दाखिला गरेको देखिएन । आन्तरिक आय समयमै असुल गर्नुपर्दछ ।	
२५.१.	डोकैला बहुअरी वडा नं ४ को हाटबजार तथा वडा नं. ३ र ९ मा रहेका पोखरीको आन्तरिक आय संकलन गरेको पाइएन । नगरपालिका भित्र रहेका हाटबजार र पोखरीको आय संकलन गरी आयको अनुगमन समेत गर्नुपर्दछ ।	
२५.२.	पालिका भित्र रहेका ऐलानी, पर्ती, सार्वजनिक जग्गाको लगत राखी आवश्यकता अनुसारको उपयोगको व्यवस्था मिलाई आय संकलन गर्नुपर्दछ ।	
२५.३.	नगर कार्यपालिकाको २०७६।१०।१९ को निर्णयले इन्धन वाहेक जेसिभी १ को भाडा प्रतिघण्टाको रु. ९००।००, ट्याक्टर (नगरपालिकामा २ थान रहेको) को रु.१०००।०० तथा सक्सन मेसिनको रु. १५००।०० तोकिएको छ । नगरपालिकाले यी साधन तथा औजारहरुको उपयोग गरेको देखिने लगसिट राखी आय संकलन गरेको देखिएन । नगरपालिकामा रहेका साधन, औजार भाडामा लगाई उपयोग गरी आन्तरिक आय संकलन गर्नुपर्दछ ।	
२५.४.	नगरपालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख बनाई सोही अनुसार आयको लेखाङ्कन गरी साविकमा गाउँ विकास समितिका सचिवहरुले लगाएका आय ठेक्का समेत एकीन गरी आन्तरिक आय सुदृढ गर्नुपर्दछ ।	
२५.५.	नगरपालिकामा संकलित देहाय अनुसारको आय दाखिला नगरेकोले वार्षिक १० प्रतिशतले हुने सुद सहीत असुल गर्नुपर्ने रु....	१०९१५९.००

सि.नं.	संकलकको नाम	संकलित रकम	दाखिला रकम	बाँकी रकम	कैफियत
क०	वडा सचिव दिनेश प्रसाद कुमाल	१५४९०.००	०.००	१५४९०.००	वडा नं. १
ख०	वडा सचिव यीमलेश गदी	९५२५९.००	७१७६९.००	२३७९०.००	वडा नं. २
ग०	वडा सचिव रामअयोध्या प्रसाद	२७४५०.००	०.००	२७४५०.००	वडा नं. ३
घ०	वडा सचिव रामअयोध्या प्रसाद	१७४५०.००	०.००	१७४५०.००	वडा नं. ४
ङ०	वडा सचिव प्रमोद यादव	२६५५०.००	०.००	२६५५०.००	वडा नं. ५
च०	वडा सचिव दिलिप कुमार गुप्ता	५१३८६.००	३३२५०.००	१८१३६.००	वडा नं. ७
छ०	वडा सचिव प्रेमिकशोर साह	१९७२३.००	०.००	१९७२३.००	वडा नं. ८
ज०	वडा सचिव दिनेश प्रसाद कुमाल	१४५७०.००	०.००	१४५७०.००	वडा नं. ९
	जम्मा			१०९१५९.००	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२६.	**कर तथा शुल्क असुली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर , घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । लक्ष्य अनुसार आन्तरिक आय असुली गर्न अधिकतम् प्रयास गर्नुपर्दछ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५०५०५००.००	१०८९७०९.४५	२१.५७
व्यवसाय कर	०	०.००	
जम्मा	५०५०५००.००	१०८९७०९.४५	२१.५७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
२६.१.	पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	मात्र कर एवं शुल्क बुझ ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्नसक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।	
२६.२.	पालिकाभित्र रहेका ८ इट्टा चिम्नी तथा व्यापार व्यवसायको अभिलेख एकीकृत गरी कर असुली गरेको पाइएन ।नियमानुसार आन्तरिक आय संकलनमा जोड दिनुपर्दछ ।	
२६.३.	वडा नं. ४ स्थित नेरामावि डोकैला बहुअरी अगाडिको ६ कट्ठा जग्गा तथा मन्दिरको अगाडि रहेको ४ टहरा हाटबजारको रुपमा उपयोग गर्ने गरेको स्थलगत निरीक्षणबाट जानकारी भयो । हाटबजारको बिगतको आय एकीन गरी यसवर्ष देखिको ठेक्का लगाई आन्तरिक आय असुल गर्नुपर्दछ ।	
२७.	**आर्थिक सहयोग** (९६।०७७।११।२४) : सार्वजनिक खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ ले सरकारी खर्चमा मितव्ययिता अपनाउन सुझाएको छ । नगरपालिकाले आन्तरिक आय रु. १०८९७०९।४५ हुँदा सोको ५५.०६ प्रतिशतले हुने रकम कार्यपालिका सदस्य श्री रजाक मियालाई आर्थिक सहयोग रु. ६०००००।०० उपलव्ध गराएको छ । आन्तरिक आयलाई ध्यान दिई खर्च गर्नुपर्ने देखिएको रु...	६०००००.००
२८.	**अधूरा आयोजना** (४२।०७६।९।९): आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । वडा नं. १ मा नगर प्रवेशद्वार निर्माणको रु ४३८०७३४।८२ को लागत अनुमान तयार गरी २०७७।३।१५ भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग २०७६।९।११ मा संझौता गरेको छ । नगरपालिकाले प्रवेशद्वारका लागि रु. ८०००००।०० खर्च लेखेको छ । उक्त गेट निर्माणको कार्य २०७७।१२।२६ सम्म पूरा भएको छैन । यसप्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । तोकिएका आयोजना समयमा पूरा गर्नुपर्दछ ।	
२९.	**रकम ढिला दाखिला गर्ने** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
३०.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख, मर्मत संहार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण, उपयोग तथा हस्तान्तरणमा पर्याप्त ध्यान पुर्याएको देखिएन । यस्ता सम्पतिको मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राखी अधिकतम सदुपयोग गरेको सुनिश्चित गर्नुपर्दछ ।	
३१.	**बिद्यालयगत निकासा खाता :** कार्य संचालन निर्देशिका २०७६।७७ मा कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट तथा भिडान	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	हुन सकेन। अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासाको एकीकृत अभिलेख तयार गरिनुपर्दछ।	
३२.	**शिक्षक तलबी प्रतिवेदन :** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अन्तरगतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ । सोको आधारमा शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै विद्यालयको तलबी माग फारम समेत रुजु गरी शिक्षक तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी रु.६३३९५५७६।१० खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलब, ग्रेड रकम एवं भत्ता खर्च यकिन तथा भिडान गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।	
३२.१.	**इमिस अनुसार निकासा :** नगरपालिकाले बिद्यालयहरुलाई रकम पठाउँदा अनिवार्य रुपमा विद्यालयहरुले इमिसमा रेकर्ड भएको विद्यार्थी संख्या तथा शिक्षक विवरण अनुसार मात्र निकासा गर्नुपर्दछ । नगरपालिकाले विद्यालयहरुलाई निकासा पठाउँदा इमिसलाई आधार लिएको पाइएन। नगरपालिकाले इमिसको डाटाको आधारमा मात्र निकासा गर्नुपर्दछ ।	
३३.	**कार्यसम्पन्न :** सार्वजनिक खरिद नियमाली, २०६४ को नियम १२३ र १२५ अनुसार निर्माण कार्यको प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ। नगरपालिकाले स्वीकृत बजेट अनुसार निम्नअनुसारका विद्यालय हरुलाई बिभिन्न कार्य गर्न २३५४५०००।०० अनुदान दिएको देखियो। यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई प्रतिबेदन लिएको देखिएन । कार्यालयले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको देखिने अनुगमन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु...	२३५४५०००.००

गो.भौ. र मिति	विद्यालयको नाम	तोकिएको कार्य	अनुदान रकम
८५-२०७७७२/२७	श्री मुखदेव सुशिला मा.वि. रामनगरी	प्राविधिक धार कार्यक्रम	१०५५०००.००
	श्री महाविर साह मा.वि. नगरदहा	पुस्तकालय निर्माण	६५००००.००
	श्री मुखदेव सुशिला मा.वि. रामनगरी	साइन्स ल्याव	६५००००.००
	श्री ने.रा.आ.वि सिसियाडी बैरिया	आइ सि टी	६५००००.००
संघीय सशर्त पुंजीगत			
११-२०७७/३/११	श्री दे.दे. मा.वि. रामनगरी पर्सा	नमुना विद्यालय अनुदान	१५०००००.००
१२-२०७७/३/३१	श्री मुखदेव सुशिला मा.वि. रामनगरी	भौतिक पुर्वाधार निर्माण	९०००००.००
१२-२०७७/३/११	श्री ने.रा प्रा.वि.भौराटार	भौतिक पुर्वाधार निर्माण	४८००००.००
	श्री ने.रा.आ.वि. विश्रामपुर	भौतिक पुर्वाधार निर्माण	४८००००.००
	श्री मुखदेव सुशिला मा.वि. रामनगरी	भौतिक पुर्वाधार निर्माण	४८००००.००
१७-२०७७/३/२८	श्री ने.रा.आ.वि. विश्रामपुर	२ कोठे भवन निर्माण	८०००००.००
	श्री ने.रा प्रा.वि.भौराटार	२ कोठे भवन निर्माण	८०००००.००
	श्री ने.रा.आ.वि. सिसियाडी	२ कोठे भवन निर्माण	८०००००.००
	श्री मुखदेव सुशिला मा.वि. रामनगरी	२ कोठे भवन निर्माण	८०००००.००
जम्मा			२३५४५०००.००

३४.	**शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति गरी नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका १८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी अनुसार शिक्षकको पदपूर्ति गरी विद्यार्थी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	संख्याको आधारमा एकआपसमा विद्यालय गाभ्नुपर्दछ ।	

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१.	श्री दे.दे. मा.वि. रामनगरी पर्सा	१६	१५	७	६७०
२.	श्री मु.सु. प्राविधिक मा.वि रामनगरी	१९	१८	८	६२०
३.	श्री ने.रा.मा.वि. डोकैला बहुअरी	१८	१५	३	६४०
४.	श्री भंगी साह मा.वि. विश्रामपुर	१८	१२	५	६२३
५.	श्री महावीर साह मा.वि. नगरदाहा	१४	१३	५	५२४
६.	श्री सिताराम महतो आ.वि. भौराटार	१२	१०	६	४५०
७.	श्री ने.रा.आ.वि. सिसियाडी बैरिया	१२	९	४	४४५
८.	श्री ने.रा.आ.वि.गम्हरिया	६	५	२	२५०
९.	श्री सरस्वती आ.वि.सिसियाडी	४	४	३	१५८
१०.	श्री शान्ति सृजना आ.वि. पिपरा	६	४	२	१२०
११.	श्री मनकामना आ.वि. बार्वा	४	४	३	१४२
१२.	श्री ब्रहम आ.वि. नगरदहा बादहाकटी	३	३	२	१२१
१३.	श्री युवा वर्ष जनमुखी नमूना आ.वि. पटनी	६	५	२	२०९
१४.	श्री ने.रा.आ.वि. विश्रामपुर	५	३	१	२०५
१५.	श्री ने.रा.आ.वि. विश्रामपुर छपकैया	३	३	२	१३०
१६.	श्री ने.रा.आ.वि.फुलकौल	५	५	४	१३०
१७.	श्री सिद्दार्थ आ.वि. बलिरामपुर	२	१	१	१२३
१८.	शिखर युवा क्लव	१	१	१	२५
जम्मा		१५४	१३०	६१	५५८५

३५.	**छात्रवृत्ति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३१ अनुसार निकासाको अनुगमन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गैर आवासीय छात्रवृतिमा रु. १४९२०००।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएकोमा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रवृत्ति वितरण एवं प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन। अतः छात्रवृति वितरण को प्रभावकारिता झल्कने अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।	
३६.	**भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार बजेट रकम खर्चगर्दा विलभरपाई सहीतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पाठयपुस्तकको रु.३०९६९४४।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरी दिएकोमा उक्त रकमबाट पाठ्यपुस्तक खरिद गरी तोकिएका विद्यार्थीहरुलाई वितरण गरेको खुलेको छैन । पाठ्यपुस्तक खरिद गरी वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु..	३०९६९४४.००
३६.१.	**बुक कर्नर :** नगरपालिकाले बुक कर्नर निर्माणको लागि १७ विद्यालयलाई रु १२१५९००।०० निकासा पठाएकोमा उक्त रकमबाट विद्यालयले बुक कर्नर निर्माण गरे नगरेको प्रमाण स्रेस्तासाथ संलग्न गरेको छैन । विद्यालयले अनुदान रकमबाट तोकिएको कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु..	१२१५९००.००
३७.	**दिवा खाजा :** विद्यालय कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६/७७ को दफा नं. ७.१ मा विद्यालयलाई दिवाखाजा अनुदान निकासा दिंदा स्थानीयतहले विद्यालयको दैनिक हाजिर पुस्तिका, परीक्षामा सामेल भएको दिन समेतको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । पहिलो निकासा रकमको सदुपयोग सुनिश्चित भएको यकिन गरी मात्र अर्को निकासा दिनेमा प्रमाणित दैनिक हाजिरी पुस्तिका वेगर निकासा गरेको देखियो ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	नगरपालिकाले निम्नानुसारका रु ६०५४३७५।०० दिवा खाजा रकम निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।	

गो.भौ. र मिति	निकासा रकम रु.
१६/०७६/८/१९	८१८१००.००
२१/०७६/९/३	२३१९३००.००
३०/०७६/१०/२१	१३६५३००.००
९८/०७७/३/१६	१५५१६७५.००
जम्मा	६०५४३७५.००

दिवा खाजा रकमको सदुपयोग सुनिश्चित हुनुपर्दछ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
३७.१.	विद्यालयहरुले दिवाखाजा कार्यक्रम संचालन गरेको अवधि र विद्यार्थी संख्या खुलाएको छैन । कार्यालयबाट निकासा भएको (गो.भौ. ९८ मितिः ०७७/३/१६ को रु.१५५१६७५।०० बाहेक) दिवा खाजाको विद्यालयको व्यवस्थापन समितिको निर्णय र वितरण गरेको भरपाई तयार गर्नुपर्ने रु....	४५०२७००.००

सि.नं.	विद्यालयको नाम	निकासा रकम
१.	श्री दे.दे. मा.वि. रामनगरी पर्सा	७६९५००.००
२.	श्री मु.सु. प्राविधिक मा.वि रामनगरी	३२४०००.००
३.	श्री ने.रा.मा.वि. डोकैला बहुअरी	२३२२००.००
४.	श्री भंगी साह मा.वि. विश्रामपुर	१८६३००.००
५.	श्री महावीर साह मा.वि. नगरदाहा	१००६६५०.००
६.	श्री सिताराम महतो आ.वि. भौराटार	३७१७००.००
७.	श्री ने.रा.आ.वि. सिसियाडी बैरिया	६९२५५०.००
८.	श्री ने.रा.आ.वि.गम्हरिया	४२०४५०.००
९.	श्री सरस्वती आ.वि.सिसियाडी	११७०००.००
१०.	श्री शान्ति सृजना आ.वि. पिपरा	१२२४००.००
११.	श्री मनकामना आ.वि. बार्वा	३०५१००.००
१२.	श्री ब्रहम आ.वि. नगरदाहा बादहाकटी	१७७३००.००
१३.	श्री युवा वर्ष जनमुखी नमुना आ.वि. पटनी	१४८५००.००
१४.	श्री ने.रा.आ.वि. विश्रामपुर	५४४१२५.००
१५.	श्री ने.रा.आ.वि. विश्रामपुर छपकैया	४५३०००.००
१६.	श्री ने.रा.आ.वि.फुलकौल	८७३००.००
१७.	श्री सिदार्थ आ.वि. बलिरामपुर	९६३००.००
	जम्मा	६०५४३७५.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
३७.२.	कोभिडको कारण विद्यालयहरु पूर्णरुपमा बन्द रहेको अवस्थामा संघीय सशर्त तर्फको बजेटबाट गो.भौ. नं. ९८ मिति २०७७/३/१६ मा रु. १५५१६७५।०० दिवाखाजा निकासा पठाएको पाइयो । विद्यालय बन्द रहेको अवस्थामा खर्च गर्ने आधार नभएकोले उक्त रकम फिर्ता दाखिला गर्नुपर्ने रु...	१५५१६७५.००
३८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** : स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो मर्मत तथा सरसफाई निर्माण कार्य	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	लगायतका कार्यक्रम संचालन गरी यस वर्ष ३६९ जनालाई रोजगारी उपलव्ध गराई रु २८७३३२७।०० खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । रोजगारीको निरन्तरता हुने कार्यक्रम संचालन गर्नुपर्दछ ।	
३९.	**मूल्य अभिवृद्धि कर कट्टि** : आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले हुने रु. १५५५६०५।२३ कट्टि गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....	१५५५६०५.२३

गो.भौ. मिति	आपूर्तकको नाम	स्था.ले.नं.	विल रकम	मु.अ. कर रकम	५०% मु.अ.कर
२४८।०७६/१०/२६	न्यू नारायणी मोटर्स	६०६२९६८५६	३९८५०००.००	४५८४५१.३१	२२९२२५.६५
६।०७७/३/२९	स्टार ओफिस इन्टरनेशनल काठमाण्डौ	३०१४४२०१५	७४६४७८०.००	८५८७८०.००	४२९३९०.००
२५६।०७७/३/३०	आश्रय अंकित जे.भी.	६०८२२११५५	९२७७५७२.८५	१०६७३३१.३९	५३३६६५.५०
१६०।०७७/३/१५	सौर्य इनर्जी प्रा.लि.	३०२४०३४६६	५६९०८५०.००	४७३८५०.००	२३६९२५.००
	जगदम्बा इन्टरप्राइजेज	५००२१८१९८	१२६८८५४.४०	१४५९७४.००	७२९८७.००
१६८।०७७/३/१६	ओरियल इन्जिनियरिङ्ग कन्सलटेन्सी	६०४२८७५२२	११७३१२५.००	१३४९६१.००	६७४८०.५०
३।०७६/७/२४	इमपेरिकल इनजिनियरिङ्ग कन्सलटेन्सी	६०४२८७२३६	४९०८७२.००	५६४७२.००	२८२३६.००
२४६।०७७/३/३०	कोलकता ट्रेडिङ्ग एण्ड सप्लायर्स	६०७५६१२१२	४८१५७७९.१७	५५४०२७.७६	२४०७९.५८
२५९।०७७/३/३०	अंकित कन्स्ट्रक्सन	३००५१५५४९	४५१४८०.७७	५१९४०.२७	२५९७०.१३
२४१।०७७/३/३०	ग्वाला निर्माण सेवा	३००१०७५०८	४५४५६०.१४	५२२९४.५३	२६१४७.२६
२३९।०७७/३/३०	आहना कन्स्ट्रक्सन	६०५४२५२२८	४८२५४९.३९	५५५१४.५३	२७७५७.२७
२३८।०७७/३/३०	शुभ आरम्भ निर्माण सेवा	६११६९४८१८	४७८३३०.९०	५५०२९.२२	२७५१४.६१
२२२।०७७/३/३०	सोनी निर्माण सेवा	६०२७२५०५१	४८२०९३.३९	५५४६२.०७	२७७३१.०३
७०।०७७/११/०६	रितेश कन्स्ट्रक्सन	३०२६३७३८६	४८१९२४.९४	५५४४२.६९	२७७२१.३५
जम्मा					१५५५६०५.२३

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४०.	**कोभिड १९ जोखिम भत्ता** : सशर्त अनुदानबाट प्राप्त रकम तोकिए बमोजिमको शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वास्थ्य तथा प्रशासन तर्फका कर्मचारीहरुलाई कोभिड १९ जोखिम भत्ता रु ४६१९९७१।५२ संघीय सशर्त अनुदानको स्वास्थ्य तर्फको तलव भत्ता शीर्षकबाट खर्च लेखेको छ। । सशर्त शीर्षकको रकम तोकिएको शीर्षक भन्दा फरक शीर्षकमा खर्च गर्न मिल्ने देखिदैन । नगरपालिकाबाट भुक्तानी भएको जोखिम भत्ता खर्च नियमित नदेखिएको रु......	४६१९९७१.५२
४०.१.	कोभिडको बेला खटिएका अग्रपंक्तिका कर्मचारीलाई वढीमा १०० प्रतिशतसम्म भत्ता दिने नगरसभाको निर्णय भएकोमा कार्यालयले निम्नानुसार स्वास्थ्यतर्फका कर्मचारीलाई २०७६ चैत्रदेखि २०७७ असारसम्मको १११ दिनको रु ६५४२६६।२२ भत्ता भुक्तानी गरेको छ। नगरसभाको निर्णय अनुसार ७५ प्रतिशतले निम्नानुसारको ३ जनाको भत्ता रु २८३२२७।६० भुक्तानी हुनुपर्नेमा रु. ६५४२६६।२२ भुक्तानी भएको छ। बढी भत्ता भुक्तानी रकम रु ३७१०३८।६२ सम्बन्धितबाट असुल गर्नुपर्ने रु....	३७१०३८.६२

सि.न.	कर्मचारीको नाम	भुक्तानी भएको रकम	१११ दिनको हुने रकम	बढी भुक्तानी

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

१	जन स्वा.अ. राजकिशोर प्रसाद	२४२७५६.१७	१०५०९४.८०	१३७६६१.३७
२	सि.अ.हे.व. विदुर प्रसाद उप्रेति	२३०७४१.००	९९८७७.८०	१३०८६३.२०
३	हे.अ. हरेराम साह	१८०७६९.०५	७८२५५.००	१०२५१४.०५
	जम्मा	६५४२६६.२२	२८३२२७.६	३७१०३८.६२

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४१.	**सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाखभन्दा बढी माल सामान सोझै खरिद गर्दा कम्तीमा तीन वटा आपूर्तकसँग लिखतरुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्दछ । नगरपालिकाले निम्नानुसारको सामान खरिद गर्दा दरभाउपत्र माग नगरी रु. २९४३६२।०० को सोझै खरिद गरेको छ। यसरी नियमसम्मतरुपमा नगरेको खरिद कार्य नियमित नदेखिएको रु...	२९४३६२.००

गोभौ मिति	**विवरण**	**फर्मको नाम**	**खर्च रु.**
३२।०७६/१०/२३	पशु औषधि खरिद	एनिमलभेट केयर सेन्टर	१४५०८९.००
५७।०७६/७/१२	कक्षा ८ को परीक्षा संचालन सामग्री छपाई	न्यू भवनी अफसेट प्रेस	१४९२७३.००
		जम्मा	२९४३६२.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४२.	**औषधि खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले उक्त प्रक्रियावेगर रु १९९२०४०।०० को औषधि सोझै खरिद गरेको छ । नियमानुसार नभएको खर्च नियमित गर्नुपर्ने रु...	१९९२०४०.००

गो.भौ. र मिति	**खरिद गरको फर्मको नाम**	**रकम**
३५-२०७६/१०/२३	मेडिसेल्स मेडिको फर्मा	४९९९८९.००
९०-२०७७/०३/४	मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.	९९९९९५.००
१३९-२०७७/३/२७	ऐनजिल फर्मा	४९२०५६.००
	जम्मा	१९९२०४०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार छन :	
४२.१.	खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
४२.२.	नगरपालिकाले रु. १ लाख भन्दा बढीको सामान खरिद गर्दा कम्तीमा ३ वटा फर्मसँग दरभाउ माग गरी मात्र खरिद गर्नुपर्नेमा ३ आपुर्तकबाट रु.१९९२०४०।०० को औषधि खरिद गर्दा दररेट माग नगरी सोझै खरिद गरेको,	
४२.३.	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
४२.४.	आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेसन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।	
४२.५.	औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थितरुपमा आम्दानी बाँध्ने नगरेको,	
४२.६.	औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको,	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४२.७.	तसर्थ, औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४३.	**कार्यक्रम संचालन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सार्वजनिक खर्च लेख्दा खर्च यथार्थपरक भए नभएको एकिन गरी विल भरपाई सहीतको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाका स्वास्थ्य संयोजक श्री राजकिशोर प्रसादले लिएको पेश्की रु ३६७०००।०० फस्यौंट गर्दा निम्नानुसारको कार्यक्रम लकडाउनको अवधिमा गरेको देखिएको छ। कोभिडको कारण लकडाउनको अवधिमा कार्यक्रम गर्नसक्ने अवस्था नरहेकोले कार्यक्रम भएको पुष्टि बेगरको खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु..	११२०००.००

सि.न.	कार्यक्रमको नाम	कार्यक्रम गरेको अवधि	रकम
१	आँखा, नाक, कान तथा मुख सम्बन्धी अभिमुखीकरण कार्यक्रम	२०७७/१/८ देखि २०७७/१/१५	८००००.००
२	क्षयरोगी खोजतलास कार्यक्रम	२०७७/१/२७ देखि २०७७/१/२९	३२०००.००
जम्मा			११२०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४४.	**भरपाई** (१३२/०७७/३/२६) : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्च लेख्दा खर्च यथार्थपरक भए नभएको यकिन गरी विल भरपाई सहीतको लेखा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले जय गुरुदेव ट्रेड सप्लायर्सबाट ३२० बोरा कृषि चुन रु २०००००।०० मा खरिद गरेको छ।खरिद गरेको चुन कृषकलाई वितरण गरेको कृषक छनौट आधार र वितरण भरपाई श्रेस्तासाथ संलग्न गरेको छैन । खरिद गरेको कृषिचुन कृषकलाई वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु...	२०००००.००
४४.१.	१३५-२०७७/३/२६ : कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कोल्कता ट्रेडिङ्ग एण्ड सप्लायर्सबाट कोदालो, बेल्चा, तगारी आदि रु १६१५६५।०० मा खरिद गरेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्य सम्पन्न भई सकेको अवस्थामा आवश्यकता नै नभएको सामान खरिद गरेको छ। खरिद गरेको सामानको जिन्सी दाखिला गरी उपयोगको पुष्टयाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....	१६१५६५.००
४५.	**जटिल प्रकृतिको काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहीतका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् । यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
३-२०७७/३।२९	वोर्डिङ्ग जडान उपभोक्ता समिति	डिप वोर्डिङ्गको सामान खरिद तथा जडान	२९१००००.००
५-२०७७/३/२९	सोलार स्ट्रिटलाइट जडान उपभोक्ता समिति	सोलार स्ट्रिटलाइट जडान कार्य	१६८५१२५.००
६-२०७७/३/२९	स्मार्ट पावर टावर लाइट जडान उपभोक्ता समिति	स्मार्ट पावर टावर लाइट जडान	७४६४७८०.००
१६०।०७७/३/१५	नगर स्तरीय सौर्यवत्ती जडान उभपोक्ता	सौर्य वत्ती जडान कार्य	९९४२९३०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	समिति	
	जम्मा	२२००२८३५.००
४५.१.	**उपभोक्ता समितिबाट सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ मा सामान खरिद गर्दा प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने, खरिद योजना वेगर खरिद गर्न नहुने, प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गर्न नहुने व्यवस्था छ । कार्यालयले देहायको सामान खरिद गर्दा प्रतिस्पर्धा नगराई उपभोक्ता समिति मार्फत खरिद गरेको तर मूल्यमा प्रतिस्पर्धा एवं सामानको गुणस्तर सम्बन्धमा ध्यान दिएको पाइएन । कार्यालयले निम्नानुसार कामको लागि बिभिन्न आपूर्तकबाट कुनै प्रक्रिया नअपनाई रु २३८३५३८८।१७ को सामान सोझै खरिद गरेको छ ।उपभोक्ता समितिले सोझै सप्लायर्सबाट खरिद गरेको सामानको दररेट ठिक भए नभएको भिडान गर्न सकिएन । । उपभोक्ता समिति मार्फत सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । नगरपालिकाले सोलार प्यानल सेट जस्ता सामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत सोझै खरिद गरेको कार्य नियमसम्मत नभएको रु...	२३८३५३८८.१७

गो.भौ.न. मिति	सामानको विवरण	उपभोक्ता समितिको नाम	खरिद गरेको फर्म	रकम
३-२०७७/३/२९	३८ सेट डिप वोर्डिङ्गको सामान खरिद	डिप वोर्डिङ्ग जडान उपभोक्ता समिति	गढीमाई सप्लायर्स वीरगंज	२९१००००.००
५-२०७७/३/२९	सोलार स्ट्रीटलाइटको सामान खरिद	सोलार लाइट जडान उपभोक्ता समिति	जगदम्बा इन्टरप्राइजेज	१६८५१२५.००
६-२०७७/३/२९	स्मार्ट पावर टावर लाइट जडान	स्मार्ट पावर टावर लाइट जडान उपभोक्ता समिति	स्टार ओफिस इन्टरनेशनल काटमाडौ	७४६४७८०.००
१६०।०७७/३/१५	नगर स्तरीय सौर्यवती जडान कार्य	नगर स्तरीय सौर्यवती जडान उभपोक्ता समिति	सौर्य इनर्जी प्रा.लि.	५६९०८५०.००
	नगर स्तरीय सौर्यवती जडान कार्य	नगर स्तरीय सौर्यवती जडान उभपोक्ता समिति	जगदम्बा इन्टरप्राइजेज	१२६८८५४.००
२४६।०७७/३/३०	खानेपानी धारा खरिद	खानेपानी तथा धारा जडान उपभोक्ता समिति	कोलकता ट्रेडिङ्ग एण्ड सप्लायर्स	४८१५७७९.१७
जम्मा				२३८३५३८८.१७

४५.२.	**दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारबाट हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिमार्फत खरिद गरेको रु २३८३५३८८।१७ को सामान खप्ने प्रकृतिको रहेको र भविष्यमा लिलाम बिक्री गर्नसक्ने रहेकोले जिन्सी दाखिला गर्नु गराउनु पर्दछ । जिन्सी दाखिलाको उचित प्रबन्ध मिलाई उपयोग गर्नुपर्दछ ।	
४५.३.	**लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने तथा जिल्ला दररेटमा सामानको दररेट उपलब्ध नभएमा निर्माणस्थान नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग बाणिज्य संघले दिएको दरभाउपत्र, भाडा वा ज्यालाका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित कार्यको लागि उपभोक्ता समितिबट काम गराउन तयार गरेको रु २३८३५३८८।१७ को लागत अनुमानमा दररेट लिएको आधार खुलेको	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	छैन । नगरपालिकाले तयार गरेको लागत अनुमान स्पष्ट हुने आधार खुलाउनुपर्दछ ।	
४५.४.	**कार्यसम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) तथा नियम १२५ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिकबाट नापजाँच गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी खरिद गरेको रु. २३८३५३८८।१७ को सामानको जडान अवस्था खुलेको छैन । सामानहरुको जिन्सी दाखिला पनि नभएकोले जिन्सी दाखिला सहीत भएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।	
४६.	**लागत सहभागिता :** नगरसभाको मिति २०७६।५।९ को निर्णय अनुसार उपभोक्ता समितिबाट गराउने काममा न्युनतम् १०% लागत सहभागिता गराउनुपर्ने व्यवस्था छ । कार्यालयले नगर स्तरीय सौर्य बत्ती जडान कार्यको लागि उपभोक्ता समितलाई पहिलो रनिङ्ग विलको रु. ७०६४६५५।०० भुक्तानी गरेको छ। भएको कार्यको प्राविधिक मूल्यांकन ७०६४६५५।०० मा सम्झौता अनुसार १० प्रतिशत लागत सहभागिता रु ७०६४६५।५० कट्टा गरी रु ६३५८१८९।५२ भुक्तानी दिनुपर्नेमा ५ प्रतिशत मात्र लागत सहभागिता कट्टा गरी रु ६७११४२२।०० भुक्तानी गरेको छ । घटी लागत सहभागिता रकम सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु..	३५३२३२.४८
४६.१.	मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ मा मू.अ.कर लाग्ने बस्तु तथा सेवाको किटानी गरिएको छ । नगरपालिकाले निम्नानुसार मू.अ.कर नपाउने आइटममा समेत उपभोक्ता समितिलाई रु.१८३६९०।०० मू.अ.कर भुक्तानी गरेको छ । मू.अ.कर विजक नभएको बढी भुक्तानी असुल गर्नुपर्ने रु..	१८३६९०.००

क्र.स.	कामको विवरण	रकम	मूअकर रकम
१.	जडान कार्य	१२३३०००.००	१६०२९०.००
२.	विक्री पछिको सेवा	१८००००.००	२३४००.००
जम्मा			१८३६९०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४६.२.	लागत अनुमान तयार गर्दा उपभोक्ता समितलाई आफ्टर सेल सेर्भिस रकम रु १८००००।०० राखी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिलाई संरक्षण कार्यको लागि रकम दिने व्यवस्था नरहेको तथा उपभोक्ता समितिले नै संरक्षणको जिम्मा लिनुपर्ने ब्यवस्था भएकोले भुक्तानी भएको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु...	१८००००.००
४७.	**ग्राभेल कार्यमा रोयल्टी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा खर्च गर्दा प्राविधिक पुष्ट्याँई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकालले निम्नानुसारको कार्य उपभोक्ता समितिबाट गराउँदा प्राविधिक मूल्यांकन अनुसार ग्रेभलको कार्यमा रु.१७५०५२।०० रोयल्टी भुक्तानी गरको छ। भुक्तानी गरेको रोयल्टीको विल पेश नगरेकोले सम्बन्धितलाई जिम्मेबार बनाई उपभोक्ता समितिबाट उक्त भुक्तानी रकम असुल गर्नुपर्ने रु....	१७५०५२.००

गो.भौ.न.	कामको विवरण	भुक्तानी रकम	ग्राभेलको कार्य (घन मिटर)	रोयल्टी प्रति घन मिटर	रोयल्टी रकम
९-२०७७/३/३१	भौराटार, पटनी, हुँदै डकैला सडक ग्रेभल कार्य	२०४८०१६.००	७९६.५३	१५९.४७	१२७०७०.००
८-२०७७/३/३१	नगरदाहा तिलावेपुल घुमरी सडक निर्माण	७९७०९०.९६	३००.७७	१५९.५३	४७९८२.००
जम्मा					१७५०५२.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
४८.	**गत आवको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ समेतले आर्थिक वर्ष भित्रै कार्यक्रम संचालन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक वोर्ड अन्तर्गत भौराटार, पटनी, हुँदै डकैला सडक ग्रभेल कार्यको उपभोक्ता समितिलाई रु २०४८०१६।०० भुक्तानी गरेको छ। भुक्तानी गरेको योजना आर्थिक वर्ष २०७५/७६ मा कार्यसम्पन्न भएको छ। भुक्तानी दिन बाँकी रहे नरहेको प्रमाण संलग्न नभएको र भुक्तानी बाँकीको कच्चाबारी तयारी नगरी भुक्तानी गर्दा भुक्तानी बाँकी रहे नरहेको यकिन तथा भिडान हुन सकेन । भुक्तानी बाँकीको कच्चाबारी तयारी नगरी गत विगतको योजनाको भुक्तानी गर्ने कार्य नियमसम्मत नभएको रु..	२०४८०१६.००
४९.	**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ्ग वा अन्य विलको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच र मूल्यांकन अनुसार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडा न.६ मा शम्भु साहको घरदेखि किशुन साहको घरसम्म नाला निर्माण कार्यमा उपभोक्ता समितिलाई देहायबमोजिम नर्मस् भन्दा रु.११५८४४।४० बढी भुक्तानी गरको छ। बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु....	११५८४४.४०

सि. न.	कामको विवरण	कामको परिमाण (घ.मी)	भुक्तानी भएको दर	नर्म्स अनुसार भुक्तानी हुनुपर्ने दर रु.	बढी दर	बढी भुक्तानी रकम
१.	पि.सि.सि १:२:४	३७.४०	१११४८.०९	९६४०.०७	१५०८.००	५६३९९.००
२.	पि.सि.सि १:१.५:३	६९.९९	१२१८८.६३	११५९८.६४	५८९.९९	४१२९३.४०
३.	फर्म वर्क	५०५.०८	६०२.२९	५६६.३५	३५.९४	१८१५२.००
	जम्मा					११५८४४.४०

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५०.	**डिपिआर खर्च :** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिम परामर्श सेवाको काम गरी रु. ३९५३५९४।३१ खर्च लेखेको देखियो । कार्यान्वयनमा जाने आयोजनाको मात्र डिपिआर तयार गर्नुपर्दछ ।	

सि.न.	गोभौ, कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
१.	सोलार स्ट्रिट लाईटको डिपिआर तयार गर्ने	ओरियल इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१४६६४०७.८१	१४६६४०७.८१
२.	५६६-०७७।३।२६	श्रीया कन्सल्टेन्सी	१४९७२५०.००	१४९७२५०.००
३.	५६५-०७७।३।२७	स्पेकट्रा इन्टेक प्रा.लि.	४९९०६४.५०	४९९०६४.५०
४.	३-०७६/७/२४	इम्पेरिकल इनजिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	४९०८७२.००	४९०८७२.००
			जम्माः	३९५३५९४.३१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५०.१.	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । खर्चको सार्थकता हुने गरी खर्च गर्नुपर्दछ ।	
५०.२.	**जिन्सी दाखिला** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले खरिद गरेका देहाय अनुसारका सामानको जिन्सी खातामा दाखिला गरेको छैन ।	३९५३५९४.३१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	जिन्सी रजिष्टरमा प्रविष्ट गरी जिन्सी दाखिला प्रतिवेदन तयार गर्नुपर्ने रु...	

गो.भौ.नं. र मिति	फर्मको नाम	विवरण	रकम
१६८-२०७७/३/१६	ओरियल इन्जिनियरिङ्ग कन्सलटेन्सी	सोलार स्ट्रिट लाइट जडान कार्यको डि.पि.आर.	१४६६४०७.८१
५६६-२०७७/३/२६	श्रीया कन्सल्टेन्सी	नगर प्रर्यटन गुरुयोजना तयरी	१४९७२५०.००
५६५-२०७७/३/२७	स्पेकट्रा इन्टेक प्रा.लि.	सडकको डिपिआर तयारी	४९९०६४.५०
३-२०७६/७/२४	इम्पेरिकल इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि.	बहुदरामाई इनर्जी सोलुसन डिपिआर	४९०८७२.००
जम्मा			३९५३५९४.३१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५०.३.	कार्यालयले तयार गराएको उल्लिखित बहुदरमाई इनर्जी सोलुसन डिपिआर बाहेकको डिपिआर कोभिडको बेलामा तयार गरेको देखिएको छ । कोभिडको अवधिमा काठमाण्डौको कन्सल्टेन्ट टिम स्थानीय तहमा पुगी काम गर्ने अवस्था नरहेकोले यस्तो काम यथार्थपरक भए नभएको यकिन तथा भिडान गर्न सकिएन । नगरपालिकाले यथार्थता पहिल्याउनुपर्दछ ।	
५१.	**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच र मूल्यांकन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले वडा न.१ मा रामबलको घरदेखि मेनरोडसम्म सडक ढलान कार्यमा उपभोक्ता समितलाई पि.सि.सि १:२:४ कार्य १६.८७ घन मिटरको प्राविधिक मूल्यांकनमा दर प्रति घनमिटर रु ९६४०।०७ हुनुपर्नेमा रु १०२३८।२७ राखी बढी दर रु ५९८।२० ले नमर्स भन्दा रु १००९२।०० बढी भुक्तानी गरको छ। बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु....	१००९२.००
५२.	**सामानको उपयोग** (५१/०७६/१०/२८) : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा सार्वजनिक खर्च लेख्दा खर्च यथार्थपरक भए नभएको यकिन गरी विल भरपाई सहीतको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयका स्वा. संयोजक विदुर उप्रेतिले अनौपचारिक शिक्षा कार्यक्रमको लागि लिएको पेश्की रु.१४०००००।०० फर्स्यौट गर्दा ओरियन्टेसन र सामान खरिदमा रु.७४५६००।०० खर्च गरी बाँकी रु.६५४४००।०० फिर्ता दाखिला गरेको छ। यस सम्बन्धमा देखिएका ब्यहोरा देहायअनुसार छन् ।	
५२.१.	कार्यक्रम सञ्चालनका लागि निम्नानुसारको सामान रु.५८५३४०।०० मा खरिद गरेको तर कोभिडको कारणले गर्दा कार्यक्रम हुन नसकेकोले खरिद गरको सामान हाल कार्यालयमै रहेकोले अनावश्यक ब्ययभार पर्न गएको देखियो । खरिद गरेको सामानको उपयोग सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्ने गर्नुपर्ने रु...	५८५३४०.००

सि.न.	सामानको विवरण	खरिद गरेको फर्म	रकम
१	अभ्यास पुस्तिका १५०० थान	सिताराम ट्रेडर्स एण्ड सन्स	९३२२५.००
२	साक्षरता अभियान पुस्तिका	न्यू भवानी अफसेट प्रेस	४९२११५.००
जम्मा			५८५३४०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५२.२.	एउटै प्रकारका सामान २ आपुर्तकबाट खरिद गरी रु.५०००००।०० सीमा नाघेको छ । पेश्की दिई खरिद गर्ने कार्यमा पूर्ण नियन्त्रण गर्नुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ :	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५३.	**सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्यरुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने उल्लेख छ । भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सामाजिक सुरक्षामा रु ७३५३१४००।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।	
५३.१.	एम.आइ.एस. सफ्टवेयर प्रयोग मार्फत लाभग्राही लगत अद्यावधिक नगरेको तथा रु.२७५५५६००।०० वैंकिङ प्रणाली मार्फत वितरण नगरी नगदै वितरण गरेको छ। नगद वितरण गर्दा रकमको हिनामिना हुनसक्ने भएकाले अनिवार्य रुपमा बैंकिङ्ग प्राणाली मार्फत सामाजिक सुरक्षा वितरण गर्नुपर्दछ ।	
५३.२.	नगरपालिकाले वैंकबाट लाभग्राहीले भुक्तानी नलिई बाँकी रहेको रकम एकिन गरेको छैन । बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा फिर्ता पठाउनुपर्नेमा फिर्ता पठाएको पाइएन । रकम एकीन गरी फिर्ता पठाउनुपर्दछ ।	
५३.३.	वडा नं. ५, ६ र ८ छनौट गरी परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको, कतिपय लाभग्राहीको जन्म मिति, नागरिकता प्रमाणपत्र नम्बर, परिचयपत्र नं समेत उल्लेख गरेको छैन । लाभग्राही लगत अद्यावधिक नगरी पहिलो चौमासिकमा नामनामेसी सच्याएर तथा थप गरेर निम्नानुसार खर्च लेखेको रु. ४३२००।०० यथार्थपरक देखिएन । पुष्टयाई हुने कागजात पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु...	४३२००.००

सि.नं.	लाभग्राहीको नाम	लाभग्राहीको किसिम	व्यहोरा	भत्ता रकम	वडा नं.	कैफियत
१.	सरस्वती देवी	जेष्ठ नागरिक	नाम थप गरेको	१२०००.००	५	प्रथम चौमासिक
२.	बाल सागर पासवान	दलित बालबालिका	नाम थप गरेको	१६००.००	६	प्रथम चौमासिक
३.	ठाकुर पाण्डेय ब्राह्मण	जेष्ठ नागरिक	नाम थप गरेको	१२०००.००	८	प्रथम चौमासिक
४.	विरेन्द्र जोसाई	अपांग	नाम थप गरेको	६४००.००	८	प्रथम चौमासिक
५.	पारस चौधरी नुनिया	अपांग	नाम थप गरेको	६४००.००	८	प्रथम चौमासिक
६.	सृष्टी कुमारी राम	दलित बालबालिका	नाम थप गरेको	१६००.००	८	प्रथम चौमासिक
७.	कृतम कुमारी राम	दलित बालबालिका	नाम थप गरेको	१६००.००	८	प्रथम चौमासिक
८.	दृष्टी कुमारी राम	दलित बालबालिका	नाम थप गरेको	१६००.००	८	प्रथम चौमासिक
जम्मा				४३२००.००		

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५४.	**सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यो वर्ष पुँजीगत तथा चालु वजेटबाट निम्नानुसार रु. ९६१८०९३।४० को वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेकोले नियमित हुनुपर्ने रु..	९६१८०९३.४०

गो.भौ. मिति	निर्माण व्यवसायी /आपुर्तकको नाम	विवरण	भुक्तानी रु.

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

१२१/०७७/३/२	सुमित निर्माण सेवा	बथानी चोकदेखि शम्भु साहको घरसम्म अधुरो नाला तथा ढलान निर्माण	४६८४१२.००
१२०/०७७/३/२	ए.एन. निर्माण सेवा	मंगल साहको घरदेखि कुसुम साहको घरसम्म पक्की नाला निर्माण	४९३७४९.००
११४/०७७/२/२८	अनुज कन्स्ट्रक्सन	राम पंडितको घरदेखि हुलाकी रोडसम्म माटो पुरी ग्रेभल	३९७८८३.००
११५/०७७/२/२८	सोनी कन्स्ट्रक्सन	प्रभु साहको घरदेखि नथुनी साहको घरसम्म सडक ढलान तथा पक्की सडक निर्माण	३८७६००.००
१३८/०७७/३/४	निरज निर्माण सेवा	चमरटोलियामा नाला र सडक ढलान	४८८१०७.००
१३७/०७७/३/४	देवी कन्स्ट्रक्सन	मेनरोडदेखि शंकर साहको घरसम्म सडक र नाला निर्माण	४२६६८०.००
१३३/०७७/३/४	सुशिल कन्स्ट्रक्सन	नेरामावि छपकैयाको पर्खाल निर्माण	४२७५३७.००
१३२/०७७/३/४	सुशिल कन्स्ट्रक्सन	काशिको घरदेखि सत्यदेवको घरसम्म सडक र नाला निर्माण	४९५७८६.००
१३१/०७७/३/४	सागर निर्माण सेवा	सत्यदेव महतोको घरदेखि सकलदेव महतोको घरसम्म नाला र सडक ढलान	४९९४३५.००
१४४/०७७/३/७	श्रेष्ठ सप्लायर्स	खानेपानी धारा जडान	४८९५४५.००
१७२/०७७/३/१९	प्रगति कन्स्ट्रक्सन	पटनीको घरदेखि राजेन्द्रको घरसम्म ढलान	४४८२३०.००
१७१/०७७/३/१६	आरती कन्सट्रक्सन	विश्वनाथको घरदेखि मदनको घरसम्म नाला निर्माण	३९८७७३.००
१६९/०७७/३/१६	दीपु कन्स्ट्रक्सन प्रा.लि.	मोहनको घरदेखि विश्वनाथको घरसम्म नाला निर्माण	४९६७०२.००
१८५/०७७/३/२३	विवेक कन्स्ट्रक्सन	बाबुलालको घरदेखि विन्देश्वरी साहको घरसम्म नाला निर्माण	४५७७९२.००
२६०-२०७७/३/३०	एप.पि. कन्स्ट्रक्सन	वडा न.६ बैरगिया टोलमा नाला निर्माण	४१०९२२.८७
२५९-२०७७/३/३०	अंकित कन्स्ट्रक्सन	वडा न. ४ डोकैला चौक बाटो निर्माण	४५१४८०.७७
२४१-२०७७/३/३०	ग्वाला निर्माण सेवा	वडा न ४ सडक ढलान कार्य	४५४५६०.१४
२३९-२०७७/३/३०	आहना कन्स्ट्रक्सन	वडा न. ६ गम्हरिया मस्जिद निर्माण	४८२५४९.३९
२३८-२०७७/३/३०	शुभ आरम्भ निर्माण सेवा	वडा न. २ कवरगाह मर्मत कार्य	४७८३३०.९०
२२२-२०७७/३/३०	सोनी निर्माण सेवा	वडा न. ६ मा सडक ढलान कार्य	४८२०९३.३९
७०-२०७६/११/०६	रितेश कन्स्ट्रक्सन	वडा न.६ मा सडक नर्माण कार्य	४८१९२४.९४
		जम्मा	९६१८०९३.४०

५५. **अनुत्पादक खर्च :** सार्बजनिक खर्चमा मितव्यियता तथा प्रवाकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ ले श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले देहायबमोजिम सामग्री खरिद गरी वितरण जस्तो अनुत्पादक प्रयोजनमा रु. १३९०३६२।०० खर्च गरेको देखिन्छ ।नगरपालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गरी नियन्त्रण गर्नुपर्दछ ।

गो.भौ नं. मिति	भुक्तानी पाउने	प्रयोजन	रकम
९३/०७६/७/२८	दिनेशप्रसाद यादव	धर्म संस्कृति प्रवर्द्धन	१०००००.००
११६/०७६/८/९	सिद्धार्थ ट्रेड एण्ड सप्लायर्स	साडी वितरण	४९१२५०.००
२८७/०७६/११/८	दिने प्रसाद कुमाल	कम्मल वितरण	९९५४४.००
१२२/०७६/८/९	श्रेष्ठ सप्लायर्स	कम्मल वितरण	३९९५६८.००
१६३/०७६/८/२६	खुस्बु एग्रो इन्टरप्राइजेज	ग्यास सेट वितरण	१५००००.००
२३५/०७६/१०/२३	प्रेमकिशोर साह	जेष्ठ/अपांग नागरिकलाई सम्मान कार्यक्रम	१५००००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	जम्मा	१३९०३६२.००
५६.	**जिन्सी दाखिला :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म .ले.प.फारम नं. ४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेका निम्न सामानहरुको जिन्सी खातामा दाखिला गरेको छैन । जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.....	६६७१६६.००

गो.भौ.नं. र मिति	फर्मको नाम	विवरण	रकम
५५८/०७७/३/२५	उमा फर्निचर, युनिक स्टील फर्निचर, अमर इलेक्ट्रिसियन	स्वास्थ्य चौकीको लागि फर्निचर, फ्रिज, ग्याससेट खरिद	२९६४१८.००
२८४/०७६/१०/८	आर.के. इलेक्ट्रोनिक्स	भ्याकुम क्लिनर	१५५००.००
	हिमालयन इन्टरप्राइजेज	कार्पेट	२७१२५०.००
	कम्प्युटर वर्ल्ड	ल्यापटप	८३९९८.००
जम्मा			६६७१६६.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
५७.	**करार सेवा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ९ पदमा ३० जना कर्मचारीहरु करारमा राखी रु.८८३२७५२।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ६ जना करार कर्मचारी उल्लेखित प्रावधान विपरित नियुक्ति गरी वर्षभरीमा रु. २०७५५८०।०० भुक्तानी गरेकोले नियमित देखिएन । रु..	२०७५५८०.००
५८.	**कम अग्रीम कर** (१३।०७६।७।२५) : आयकर ऐन २०५८ को दफा ८८ क अनुसार उपभोक्ता समितिलाई रु. ५००००००।०० भन्दा वढीको भुक्तानीमा १.५% अग्रीम कर असुल गर्नुपर्ने व्यवसथा छ । नगरपालिकाले सडक तथा नाला निर्माण उपभोक्ता समितिलाई रु. ५८४४५७५।०० भुक्तानी गर्दा पेश्की रु. ३००००००।०० कटाई भुक्तानी गरेको छ । ऐन अनुसार रु. ८७६६९।०० अग्रीम कर कट्टि गर्नुपर्नेमा रु. ३६६८४।०० मात्र कट्टि गरेको पाइयो । कम कट्टि गरेको रु. ५०९८५।०० असुल गर्नुपर्ने रु....	५०९८५.००
५९.	**वीरगंजमा घरभाडा** : स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाभित्र मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखलाई नगरपालिका क्षेत्र भन्दा बाहिरको घरभाडा भुक्तानी दिन मिल्ने व्यवस्था निजामती सेवा ऐन, नियम तथा अन्य कुनै प्रचलित नियममा देखिएन । नगरपालिकाले वीरगंज महानगरपालिकामा लेखाप्रमुखको क्वाटरको लागि अशोक राउतको घर र प्रमुख प्रशासकीय अधिकृतको क्वाटरको लागि विनुकुमारी पाण्डेको घर भाडा लिई मासिक भाडा क्रमश रु.८०००।०० र १२०००।०० को दरले हुने रु.२४००००।०० वार्षिक भाडा भुक्तानी दिएको छ । नगरपालिकाको क्षेत्रभन्दा बाहिर सम्पर्क कार्यालय खडा गर्नु संघीयताको मर्म विपरित छ । यसले सेवा प्रवाहमा समेत प्रतिकूल प्रभाव	२४००००.००

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>पार्दछ । उक्त रकम असुल गर्नुपर्ने रु..</td><td></td></tr>
<tr><td>६०.</td><td>खाना तथा विविध खर्च : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३६८०३३।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६१.</td><td>खर्चको पुष्ट्याई (४१०/०७७/१/१७) : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ नियम ३६ (३) मा खर्चको पुष्टयाई सहीत लेखा राख्नुपर्ने तथा तोकिएको बजेटले निर्दिष्ट गरे अनुसार खर्च गर्नुपर्ने ब्यवस्था छ । पालिकाले विद्यालयहरुमा कक्षा १ देखि १० सम्मको परीक्षा संचालन खर्च रु. ७८९५७३।०० देहायअनुसार भुक्तानी दिएको छ । सशर्त अनुदानबाट यस्तो खर्च ब्यहोर्नुपर्नेमा नगरपालिकाले वित्तीय समानिकरण अनुदानबाट भुक्तानी दिएकोले नियमित देखिएन । रु..</td><td>७८९५७३.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>आपुर्तक</th><th>खर्च रु.</th></tr>
<tr><td>१.</td><td>प्रश्नपत्र छपाई र उत्तरपुस्तिका</td><td>न्यू भवानी अप्सेट प्रेस</td><td>७०१९०२.००</td></tr>
<tr><td>२.</td><td>स्टेशनरी</td><td>सिताराम ट्रेडर्स</td><td>८७६७१.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७८९५७३.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२.</td><td>नेट जडान (११/०७६/६/१२) : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३१ मा कार्यक्रम सम्पन्न भएको देखिने पुष्ट्याई संलग्न गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सिटी नेटवर्कलाई नेट जडान खर्च रु.१६९५००।०० भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा नेट जडान भएको पुष्ट्याई हुने कार्यादेश, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अनुगमन समितिबाट अनुगमन गरी अनुगमन प्रतिवेदन लिएको छैन । नेट जडान गरेको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्ने रु.....</td><td>१६९५००.००</td></tr>
<tr><td>६२.१.</td><td>झोला वितरण (५६४/०७७/३/२६) : पालिकाले ग्रामीण समाज विकास केन्द्रबाट झोला वितरण कार्यक्रम संचालन गरी रु.१२०००६।०० खर्च लेखेको छ । उक्त खर्च भुक्तानी गर्दा मिरा सिलाई गार्मेन्टबाट ४५० थान झोला रु.२३६।०० का दरले खरिद गरेको विल पेश गरेको छ । भरपाई अनुसार ११० जनालाई मात्र झोला वितरण गरेको देखिन्छ । अतः भरपाई वेगर भुक्तानी भएको ३४० थान ब्यागको रु.२२६ का दरले हुने रु.९०६७२।०० (भ्याट सहीत) असुल हुनुपर्ने रु...</td><td>९०६७२.००</td></tr>
<tr><td>६२.२.</td><td>स्प्रे टंकीः (५६९/०७७/३/२६) पालिकाले अंजली एग्रो सिड सेन्टरबाट स्प्रे टंकी १६६ थान रु.३०००।०० को दरले खरिद गरी रु.४९८०००।०० खर्च लेखेको छ । १६६ थान मध्ये १६२ थान वितरण गरेको छ । भरपाई वेगर भुक्तानी भएको ४ थान स्प्रे टंकी रु.१२०००।०० को लाभग्राही छनोट तथा वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...</td><td>१२०००.००</td></tr>
<tr><td>६२.३.</td><td>वितरण भरपाई : (५५५/०७७/३/२५) पालिकाले जनकल्याण डेभलपमेन्ट एण्ड एग्रीकल्चर मार्फत तीन दिने वेमौसमी तरकारी खेती सम्बन्धी तालिम संचालन गरी रु.२९८१००।०० खर्च गरेको छ । उक्त कार्यक्रम संचालन गर्दा ३३ जना सहभागीलाई देहायको सामग्री वितरण गरेको खर्च रु. ११६६७०।०० को भरपाई पेश भएको छैन । वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>११६६७०.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>आपुर्तक</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१.</td><td>गढीमाई ट्रेडर्स</td><td>ब्याग ३३ थान</td><td>६३३९०.००</td></tr>
<tr><td>२.</td><td>शिवम् स्टेशनरी</td><td>डायरी ३३ थान</td><td>८२५०.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३.</td><td>शुभ विज भण्डार</td><td>तरकारीको विउ</td><td>४५०३०.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११६६७०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका महाविर साह माध्यमिक विद्यालयका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ५०००००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो । यस्तो खर्च नियमित गर्नुपर्ने रु..</td><td>५०००००.००</td></tr>
<tr><td>६४.</td><td>सुत्रको प्रयोग नगरी खर्च लेखेको : स्थानीय सरकारको सम्पूर्ण आर्थिक कारोवारको लेखा सूत्रबाट मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयलले निम्नानुसारको शीर्षकको खर्च सुत्रमा बजेट लेखांकन नगरी म्यानुअल श्रेस्ता राखी रु १२४८१६३४।०० खर्च गरेको छ। सूत्रमा सबै शीर्षकको बजेट खर्चको हिसाव नराख्दा स्थानीयतहको एकीकृत आर्थिक विवरण यथार्थपरक नहुने र बजेट खर्चमा एकरुपता नहुने भएकोले यस्तो कार्यमा नियन्त्रण गरी सुत्रबाट मात्रै सबै कारोबारको लेखा राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>खर्च शीर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>१.</td><td>बेटी बचाउ बेटी पढाउ कार्यक्रम</td><td>५००००.००</td></tr>
<tr><td>२.</td><td>एल.जि.सि.डि.पी.</td><td>२६०९०७.००</td></tr>
<tr><td>३.</td><td>विपद व्यवस्थापन</td><td>१०६७०७२७.००</td></tr>
<tr><td>४.</td><td>प्रदेश कोभिड व्यवस्थापन</td><td>१५०००००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२४८१६३४.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.</td><td>खर्च पुष्ट्याई (१७६/०७६/९/१०) : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्चको पुष्टयाई सहीत लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले बहुदरमाई मेला संचालन तथा व्यवस्थापन गर्न बहुदरमाई मेला ब्यवस्थापन समितिलाई दिएको रु.४०००००।०० पेश्की फर्स्यौट गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>६५.१.</td><td>उक्त रकम खर्च गर्दा विल भरपाई तथा सोसँग सम्बन्धित प्रमाण कागजात संलग्न गरेको छैन । प्रमाण कागजात पेश गर्नुपर्ने रु....</td><td>४०००००.००</td></tr>
<tr><td>६५.२.</td><td>पटेल टेन्ट हाउसलाई रु.३००००।०० र अजयराज टेण्टहाउसलाई रु.१९०००।०० टेण्ट भाडा भुक्तानी दिएको छ । उक्त रकम खर्च गर्दा निममानुसार कट्टि गर्नुपर्ने बहालकर (१०%) कट्टि गरेको छैन । बहालकर रु.४९००।०० असुल हुनुपर्ने रु..</td><td>४९००.००</td></tr>
<tr><td>६५.३.</td><td>कुस्ती प्रोग्राम खर्च मेला ब्यवस्थापन समितिका अध्यक्ष श्री जुगल प्रसाद कुर्मीलाई रु.२२००००।०० भरपाई गराई खर्च लेखेको छ । कुर्मीले उक्त रकमबाट खर्च गरेको विवरण र प्रयोजन संलग्न गरेको देखिएन । खर्चको प्रमाण खुल्ने विल, भरपाई पेश गर्नुपर्ने रु...</td><td>२२००००.००</td></tr>
<tr><td>६६.</td><td>कर्मचारीको नाममा चेक : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रकम भुक्तानी गर्दा प्रापकले नै पाउने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित व्यक्तिको नाममा चेक जारी नगरी एकमुष्ट एक कर्मचारीको नाममा चेक जारी गरी खर्च गर्ने गरेको पाइयो । यस प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्दछ । उदाहरणका लागिः</td><td></td></tr>
<tr><td></td><td colspan="2">
<table>
<tr><th>भौ.न र मिति</th><th>विवरण</th><th>आपुर्तक/भुक्तानी दिनुपर्नेको</th><th>चेक जारी भएको</th><th>रकम</th></tr>
</table>
</td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

		नाम	कर्मचारी	
४/०७६/६/११	अनुगमन मूल्याङ्कन खर्च	कार्यालयका विभिन्न कर्मचारी तथा पदाधिकारी	हरिप्रसाद कुर्मी	१०७५००.००
१५/०७६/६/१२	तलव भता	कार्यालयका सवारी चालकहरु	खुसि राउत	१९५३००.००
			जम्मा	३०२८००.००

६७. **आर्थिक सहायता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति/संस्थालाई रु . ५०७५९६।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

भौचर नं र मिति	लाभग्राही	विवरण	सहायता रकम
९/०७६/६/१२	रामगोपाल थापा	समावाद एक विमर्स नामक सभा संचालन गर्न	२००००.००
६४/०७६/७/०७	राम्भा देवी	उपचार खर्च	८८९६.००
१३३/०७६/८/१३	रविन्द्र कुमार गुप्ता	उपचार खर्च	२००००.००
२४०/०७६/१०/२६	निशा कुमारी पासवान	अध्ययन सहायता	३२२००.००
३३२/०७६/११/१४	मुक्तिराम	अध्ययन सहायता	१७६५००.००
३३३/०७६/११/२४	विशाल मेमोरियल फाउन्डेसन	सहयोग	१०००००.००
१०७/०७७/१/०४	राजेश प्रसाद कुशवाहा	राहत	५००००.००
१०८/०७६/१/४	अनिसा देवी	राहत	५००००.००
१९०/०७७/३/२५	किशोरी राउत	राहत	५००००.००
		जम्मा	५०७५९६.००

६८. **सल्लाहकार** : प्रदेश नं. २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । नगरपालिकाले कानूनी सल्लाहकारको रुपमा श्री शैलेन्द्र प्रसाद चौरसियालाई नियुक्त गरी रु.२८६०००।०० भुक्तानी गरी ब्ययभार पारेको पाइयो । नियम अनुसार नभएको खर्च नियमित गर्नुपर्ने रु.... — २८६०००.००

६९. **भरपाई** (८४/०७६/७/२४) : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा विल भरपाईको आधारमा लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ९ जना कर्मचारी/प्रतिनिधिको अनुगमन खर्च स्वास्थ्य शाखा प्रमुख श्री विदुर प्रसाद उप्रेतिको नाममा रु.५३८६७।०० भुक्तानी गरेको छ । अनुगमन खर्च सम्बन्धित पदाधिकारीले बुझेको भरपाई संलग्न गरेको छैन तथा आफ्नै पालिकाभित्र अनुगमन गरी कर्मचारी/पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी दिन पाउने आधार देखिंदैन । बुझेको भरपाई तथा कर्मचारी/पदाधिकारीले अनुगमन भत्ता लिन पाउने आधार भए पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.. — ५३८६७.००

७०. **पारिश्रमिक कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार भुक्तानीमा पारिश्रमिक कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदार श्री दिपक खनाललाई आ.ब. २०७४ देखि २०७६ पौष मसान्तसम्म निलम्बनमा रहेको अवधिको बाँकी तलव भत्ता समेत यस आर्थिक बर्षमा तलव भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर रु. १४३६०।०० कम कट्टि गरी भुक्तानी गरेको छ। उक्त कर असुल गर्नुपर्ने रु.. — १४३६०.००

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>

करयोग्य आय	लाग्ने कर रकम	कट्टि गरेको कर	बाँकी कर
५२८५९६.००	१४३६०.००	०.००	१४३६०.००

</td><td></td></tr>
<tr><td>७१.</td><td>अनुपस्थितलाई वैठक भता : (५७३/०७७/३/२७ र ५७७/३/२८) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा उपस्थितिका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम तथा नगरसभाको वैठकमा अनुपस्थित देहाएबमोजिमका कर्मचारी/पदाधिकारीलाई रु. ८९२५।०० वैठक भता भुक्तानी गरेको छ । उक्त रकम असुल हुनुपर्ने रु...</td><td>८९२५.००</td></tr>
<tr><td></td><td>

क्र.सं.	पदाधिकारीको नाम	पद	अनुपस्थित वैठक संख्या	भत्ताको दर	कर कट्टिपछिको भुक्तानी
१.	सिता देवी	महिला सदस्य	१	१५००.००	१२७५.००
२.	सदिरका देवी पटेल	कार्यपालिका सदस्य	१	१५००.००	१२७५.००
३.	तिर्थराज पौडैल	प्र.प्र.अ.	१	१५००.००	१२७५.००
४.	प्रमोद यादव	१ नं वडा अध्यक्ष	१	१५००.००	१२७५.००
५.	जितेन्द्र पटेल	२ नं वडा अध्यक्ष	१	१५००.००	१२७५.००
६.	रामरेखा सिंह	४ नं वडा अध्यक्ष	१	१५००.००	१२७५.००
७.	पुनिलाल साह	८ नं वडा अध्यक्ष	१	१५००.००	१२७५.००
		जम्मा		१०५००.००	८९२५.००

</td><td></td></tr>
<tr><td>७२.</td><td>कर्मचारी प्रोत्साहन भत्ताको भरपाई : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । नगरपालिकाको नगरसभामा अतिरिक्त समय खटिएको भनी ६ कर्मचारीहरुलाई रु.७००००।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । उक्त भता भुक्तानी गर्दा कर्मचारीको वैंक खातामा पठाउनुपर्नेमा नगरपालिकाकै श्री हरिप्रसाद कुर्मीलाई एकमुष्ट भुक्तानी गरेको र भरपाई मार्फत वितरण गरेको छ । भरपाईमा कार्यालय सहयोगी श्री खुसी राउतले रु.७९२०।०० बुझेको छैन । उक्त रकम असुल हुनुपर्ने रु..</td><td>७९२०.००</td></tr>
<tr><td>७३.</td><td>तलवी प्रतिवेदन : स्थानीय सरकार संचालन ऐन २०७४ तथा नि जामती सेवा ऐन , २०४९ मा नगरपालिकाले कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा प्रत्येक वर्षको तलवी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तलवी प्रतिवेदन पारित नगरी यस आर्थिक बर्षमा रु. ८८१८१६१।०० तलव भत्ता भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा नगरपालिकाले भुक्तानी गरेको तलव तथा ग्रेड भिडान गर्न सकिएन।कार्यालयले अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४.</td><td>इन्धन खर्चः सरकारी खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने मार्गदर्शन, २०७५ अनुसार सरकारी खर्चलाई किफायती ढंगले खर्च गर्ने तरिका सुझाएको छ । नगरपालिकाले यो वर्ष इन्धन खर्च रु. २५२९८४५।०० लेखेको छ । व्यवस्थित ढंगले कुपन तथा लगबुकको प्रयोग गरी आन्तरिक आयलाई मध्यनजर गर्दै खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>७५.</td><td>भ्रमण प्रतिवेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष भ्रमण खर्चमा प्रतिवेदन संलग्न नगरी रु. १३२७४३५।०० खर्च गरेको</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	छ । भ्रमण प्रतिवेदन लिएर मात्र यस्तो खर्च गर्नुपर्दछ ।	
७६.	**बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८७ मा भाडा भुक्तानी गर्दा १०% बहाल कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार आपुर्तकलाई भाडा रकम भुक्तानी गर्दा रु. १४०००।०० बहाल कर कट्टि गरेको छैन । बहाल कर रु.१४०००।०० असुल गर्नुपर्ने रु...	१४०००.००

गो.भौ. र मिति	आपुर्तक	विवरण	भुक्तानी रकम रु	बहाल कर रकम
९३/०७६/७/२८	जयप्रकाश प्रसाद	जेनेरेटर, टेण्ट तथा साउण्डसिस्टम को भाडा	४५०००.००	४५००.००
१६२/०७६/८/२६	कृष्ण टेण्ड हाउस	टेण्ट भाडा	९५०००.००	९५००.००
जम्मा				१४०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
७७.	**शीर्षक फरक पारी खर्च** (२९/०७६/६/१५) : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च शीर्षकको परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पोषण स्वयंसेवक श्री सुनिल कुमार साहलाई नगरपालिका चालु शीर्षकबाट रु.१०५३७५।०० तलव भता भुक्तानी गरेको छ । बहुक्षेत्रीय पोषण शीर्षकबाट खर्च लेख्नुपर्नेमा चालु शीर्षकबाट गरिएको उक्त खर्च नियमसम्मत देखिएन । उक्त खर्च नियमित गर्नुपर्ने रु..	१०५३७५.००
	कोभिड लेखापरीक्षण तर्फ :	
७८.	नगरपालिकाको कोभिड तर्फको आय व्यय देहायअनुसार छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन ।	

क्र.सं	आम्दानीको स्रोत	प्राप्त रकम	खर्च शीर्षक	खर्च रकम
१	संघीय कोभिड कोष	२०५३५०.००	क्वारेन्टाइन होल्डिङ सेन्टर व्यवस्थापन तथा आइसोलेसन	११५५१७९.००
२	प्रदेश कोभिड कोष	१४९९९८८.००	राहत वित्तरण	८३९७४१३.००
३	पालिकाको आफ्नै बजेटबाट विनियोजन भएको	१३८२८८७४.००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री निर्माण	२२७४७१५.००
			जनशक्ति परिचालन	०.००
			राहत वितरण प्रचार प्रसार, प्याकिङ र ढुवानी	३१६४०८.००
			स्वास्थ्य पूर्वाधार निर्माण	०.००
४.	सिद्धार्थ वैंक लि. बाट	३००००.००	अन्य शीर्षकमा भएको खर्च	२७०००.००
५.	कर दाखिला गर्न बाँकी	२६३६३७.००	बाँकी	३६५७१३४.००
जम्मा		१५८२७८४९.००	जम्मा	१५८२७८४९.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
७८.१.	**कर कट्टि दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ मा खरिद गरेको विलको १.५% अग्रिम आयकर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कोभिड तर्फको खरिदमा कट्टि गरेको अग्रिम आयकर रु. २६३६३७।०० लेखापरीक्षण अवधि (२०७७/१२/३१) सम्म पनि दाखिला गरेको छैन । उक्त रकम दाखिला गर्नुपर्ने रु..	२३३६३७.००
७८.२.	**राहत सामग्री खरिदः** कार्यालयले कोभिडको वेला रु ५५७२०३७।०० को राहत सामग्री विभिन्न आपुर्तकबाट सोझै खरिद गरेको छ । खरिद गरेको देहायका सामान सवै वडामा वितरण गरेको देखिएको छ । पर्याप्त तयारीका साथ प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ ।	

सि.न.	खरिद गरेको सामान	खरिद गरेको परिमाण	प्रति इकाई दर	जम्मा रकम
१.	चावल	९१३७४	४२	३८३७७०८.००
२.	दाल	३४८८	११०	७१३६८०.००
३.	नुन	३०३४	२०	६०६८०.००
४.	नगद	४६६२	५००	२३६१०००.००
५.	तेल, मास्क, सेनिटाइजर लगायत			१४२४३४५.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.
	अन्य	
	जम्मा	८३९७४१३.००
७८.३.	**नगदै वितरण :** नगरपालिकाले नगद राहत वितरण गर्न स्वास्थ्य शाखा प्रमुख श्री विदुर प्रसाद उप्रेतिलाई रु.२३३१०००।०० पेश्की दिई ९ वटै वडाका ४६६२ जनालाई रु.५००।०० का दरले नगद वितरण गरेको छ । नगद वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । रु.	१४२४३४५.००
७९.	**स्थलगत निरीक्षण :** नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रम संचालन गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन । यी व्यहोरालाई कार्यान्वयन गर्नुपर्दछ । • नगरपालिकाले अधूरा रहेका निर्माण कार्य पूरा गरी प्रयोगमा ल्याउनुपर्ने, • सरसफाई र बस्ती व्यवस्थापनमा ध्यान दिनुपर्ने, • जग्गाको स्वामित्व एकीन गरेर मात्र भवन लगायतका संरचना निर्माण गर्नुपर्ने । • नगरपालिका भित्र रहेका हाटबजार, व्यवसाय लगायतको अभिलेख व्यवस्थित गरी आन्तरिक आय सुदृढ गर्नुपर्ने । • वडा नं. ३ मा रहेको महाबीर साह माध्यमिक विद्यालय अगाडिको पोखरी संरक्षण तथा सरसफाई गरी आन्तरिक आय संकलन नगरेको, • साविकमा संरचना तयार भई उपयोग नगरेका वडा नं. ३ स्थित ३ भवन तथा अन्य संरचनाहरु मर्मत संभार तथा संरक्षण गरी उपयोग गर्नुपर्ने, • वडा नं ९ विश्रामपुरको कार्यालय रहेको भवनको माथिल्लो तल्लामा वाल लगाई भर्याङ छोपी उपयोग गर्नुपर्ने देखिएको । • वडा नं. ९ मा रहेको भगी साह माध्यमिक विद्यालय अगाडिको पोखरी संरक्षण तथा सरसफाई गरी आन्तरिक आय संकलन नगरेको तथा विद्यालय परिसरमा रहेको २ कोठे भवन उपयोग गर्नुपर्ने । • देवनन्दन देवराम माध्यमिक विद्यालयको स्वामित्वमा रहेको २ पोखरीको आय तथा विद्यालयको भौतिक संरचना तयार गरी पूर्ण उपयोग गर्नुपर्ने ।	
८०.	**पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम आर्थिक वर्ष भित्रै पेश्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले विभिन्न शीर्षकको निम्नानुसारको रु.११७६५७५०।०० पेश्की फस्यौंट गरेको देखिएन । नियमानुसार पेश्की रकम असूल फस्यौंट गर्नुपर्ने रु..	११७७६५६५.००

ब.उ.शी.नं.	गो भौ नं मिति	पेश्की लिनेको नाम	पेश्की प्रयोजन	पेश्की रकम
नगरपालिका चालु	२९७/०७६/११/१२	जितेन्द्र पटेल	तालिम संचालन	१०००००.००
	७२/०७६/७/८	गायत्री देवी	छट पुजा	१०००००.००
	३४/०७६/६/१६	केदारनाथ तिवारी	मेला व्यवस्थापन	१०००००.००
	४३२/०७७/१/२३	यीमलेस गद्धी	वडा कार्यालय संचलान	१०००००.००
	३८२/०७७/१/२	संजय कुमार साह	स्वास्थ्य सामग्री खरिद	४५००००.००
	४६५/०७७/२/२६	प्रम किशोर साह	वडा कार्यालय संचालन	१०००००.००
	३५५/०७६/१२/६	दिनेश प्रसाद कुमाल	वडा कार्यालय संचालन	७५०००.००
	३५५/०७६/१२/६	दिनेश प्रसाद कुमाल	जेष्ठ नागरिक सम्मान	५००००.००
पुंजीगत तर्फ	१२/०७६/७/२२	केदारनाथ तिवारी	अवलोकन भ्रमण	१६६०००.००
	१२/०७६/७/२२	पुनिलाल साह	अवलोकन भ्रमण	१६६०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम रु.

	७६/०७६/११/१२	जितेन्द्र पटेल	खेलकुद सामग्री वितरण	१०००००.००
	१२/०७६/७/२२	दिलिप कुमार गुप्ता	तालिम संचालन	५००००.००
	१०९/०७७/१/८	दिलिप कुमार गुप्ता	तालिम संचालन	२०००००.००
	१२/०७६/७/२२	आश्रय अंकित जेभी	अन्य निर्माण	१६६९२८७.००
	५/०७६/७/५	आश्रय अंकित जेभी	अन्य निर्माण	१७६८४६३.००
	११३/०७७/२/२८	नगरस्तरीय सौर्यवत्ती जडान उ.स.	वत्ती जडान	६०००००.००
	१०६/०७६/१२/७	नाला तथा सडक ढलान उ.स. (वडा नं. ९)	अन्य निर्माण	१५०००००.००
	४२/०७६/९/१९	नगर प्रवेशद्वार उ.स.	प्रवेशद्वार निर्माण	७०००००.००
	८९/०७६/११/२३	बहुदरमाई सडक ढलान उस (वडा नं. १,७,९)	अन्य निर्माण	२७०००००.००
	१२/०७६/७/२२	प्रमोद यादव	अन्य निर्माण	१५००००.००
	१२/०७६/७/२२	रामबाबु पटेल	तालिम संचालन	१०००००.००
सशर्त अनुदान	८८/०७७/२/३२	राजकिशोर प्रसाद	तालिम संचालन	१६६०००.००
	९७/०७७/३/१४	राजकिशोर प्रसाद	तालिम संचालन	२३५०००.००
	१५/०७६/८/१२	कमलेश गुप्ता	स्वास्थ्य सामग्री	१२००००.००
	२६८।२०७७/३/३१	वडा न.६ सडक तथा नाला निर्माण उ.स.	निर्माण कार्य	३०००००.००
			जम्मा	११७६५७५०.०

८१.	**अनुगमन तथा सम्परीक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नगरपालिकाले सम्परीक्षणको लागि अनुरोध गरेको छैन । बाँकी बेरुजु नियमानुसार असुल फस्यौंट गर्नुपर्दछ ।	
८२.	**संचितकोष र बेरुजुको स्थिति :** स्थानीय संचितकोष को विवरण , बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्यकारोबार) र अद्यावधिक बेरुजु स्थिति क्रमशः अनुसूची १ , अनुसूची २ र अनुसूची ३ मा समावेश छ ।	

स्थानीय संचितकोष विवरण

२०७६/७७

अनुसूची १

(रु हजारमा)

सि.न.	स्थानीयतह	जिल्ला	आय									व्यय				
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
						१	२	३	४	५	६=(२+३+४+५)	७	८	९	१०(७+८+९)	११(१+६-१०)
१	बहुदरमाई नगरपालिका	पर्सा	९४४९७४	१४७७८७	१५.६४	१३१७१५	३९९३७९	५४९३७	४०२३	५५९	४५८८९८	१९४४३४	२०२७६९	८८८७३	४८६०७६	१०४५३७

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्यकारोबार)

२०७६/ ७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानीयतह	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	बहुदरमाई नगरपालिका	पर्सा	६६	६७	१४७७८७	०	०	०	६६	६७	१४७७८७	३८०२	५४१२७	७६४१२	०	०	१३०५३९	१३४४६	०	१३४४६

अद्यावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसूची-३

(रु हजारमा)

क्र.स.	स्थानीयतह	जिल्ला	गतबर्षसम्मको बाँकी	समायोजन	गतबर्षसम्मको यथार्थ बाँकी वेरुजु	सं.प.को लागि अनुरोध भई आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
१	बहुदरमाई नगरपालिका	पर्सा	५१९८४	०	५१९८४	०	०	०	०	५१९८४	१४७७८७	१९९७७१	२५०३८